जन आकाश

Jana Aakash National Weekly

राष्ट्रिय साप्ताहिक

वर्ष-१५ , अंक- २१, २०७९ साल पुस ५ गते मंगलबार (Dec 21, 2022) www.janaakash.com.np मूल्य रु १०।-


# सम्पादकमा धमला नियुक्त



यस जन आकाश साप्ताहिकको सम्पादक पदमा ईन्दिरा धमला नियुक्त हुनुभएको छ । गएको साउन २२ गते निर्वतमान सम्पादक ब्रबिम बस्नेतले गरेको राजिनाम पछि रिक्त रहेको सम्पादक पदमा जनआकाश मिडिया प्रा.लि.ले ईन्दिरा धमलालाइ नियुक्त गरेको हो ।

जन आकाश साप्ताहिकको स्थापना २०६५ देखि २०७२ सम्म ब्रबिम बस्नेत, २०७३ देखि २०७६ सम्म कुमार अधिकारी, पुन: २०७७ देखि २०७९ साउन २१ गतेसम्म ब्रबिम बस्नेतले जन आकाश साप्ताहिकको सम्पादन संगाल्नु भएको थियो ।

नेपालको संविधानले महिलाहरुलाई हरेक निकायमा ३३ प्रतिशत पुर्‍याउने लक्ष्य अनुरुप जन आकाश साप्ताहिकले पनि महिला सम्पादकलाई अवसरको रुपमा नियुक्त गरेको हो । यसै अंकदेखि सम्पादक धमलाले पत्रिकाको सम्पादन थाल्नु भएको छ । उहालाई हार्दिक बधाई तथा सफल कार्यकालको शुभकामना ।

# बैदेशिक रोजगारमा जाने युवाहरू ठगिदै

चन्द्र कमल आचार्य

काठमाडौं । नेपालका युवाहरु बैदेशिक रोजगारमा गएर उनिहरुले कमाई गरी पठाएको रेमिट्यान्सवाट



देश चलिरहेको छ । तर तिनै युवाहरु पछिल्लो समय विदेशमा गएपछि समस्यामा पर्न थालेका छन् । त्यस्तै उदारण बनेका छन् रामेछाप जिल्लाका मन्थली नगरपालिका वाडन ४ का श्रीकृष्ण श्रेष्ठ, श्रेष्ठलाई गएको सात महिना अगाडी काठमाडौमा रहेको लिडिङ फरेन रिक्युमेन्ट प्रा.लि.ले दुवैको वाइक राईडर भिसाका लागि भनेर पठायो म्यानपावरले २१०००० रु दुई लाख दश हजार पैशा पनि लियो उनि दुवै भन्ने देश पुगे,श्रीकृष्णको जाने बित्तिक्कै काम पाइयला भन्ने थियो तर गएको सात महिना सम्म त्याहाको लाइसेन्स नभएको हुनाले तत्कालै काममा लाग्ने वातावरण बनेन र कम्पनीले आज भोलि पर्सि गर्दै सात महिनासम्म कामै नलगाई त्यतिकै राख्यो र खाना र बस्न भने दिएको थियो ।

तर जव सात महिनापछि बल्ल त्यहाको लाईसेन्स श्रीकृष्ण श्रेष्ठले हात पारे त्यसपछि कम्पनीले खाना खाना दिन बन्द गर्‍यो त्यो समयमा श्रीकृष्णले नेपालवाट अलिअलि लगेको पैशा पनि सक्किसकेको थियो । उनि आपत्तमा परे र नेपालमा आफन्तलाई फोन गरेर पैशा पठाउन भने नेपालवाट पैशा मगायर जसो तसो काम गर्न थाले तर म्यानपावरले जसरी जति पैशा कम्पनीले दिन्छ भनेको थियो र काम निरन्तर हुन्छ भनेको थियो त्याहा त्यो नभएको श्रीकृष्णले थाहा पाए कहिलेकाही काम हुने कामत तलव वेशमा नभएर काम हुदाको दिनको वा घण्टाको मात्रै पैशा दिने रहेछ त्यसले श्रीकृष्ण श्रेष्ठलाई गाउमा रिन गरेर विदेश आएको सम्झेर तनाव हुन थाल्यो त्यसपछि जुन म्यानपावरवाट उनि विदेश आएका थिए त्यही म्यानपावर लिडिङ रिक्युमेन्ट प्रा.लि.लाई फोन गरेर कि अर्को काम खोजिदिनु पर्‍यो कि मलाई नेपाल फार्काइदिनु पर्‍यो भनेर फोन गरी आग्रह गरे त्यही बस केही समयपछि अर्को विकल्प खोजोला भन्दै डेढ महिना म्यानपारले झुलायो तर समस्या सावधान गर्न सकेन गाउवाट रिन गरेर आको उल्टै फेरी नेपालवाट नै पैशा मगायर खादै बस्नुपर्ने भएपछि घरमा फोन गरेर म्यानपारमा गई कुरा गर्न लगाउदा म्यानपावरका सञ्चालकले धेरै कराइस भने उत्तै तेरो मान्छे सडाइ दिन्छु भन्दै धाक धम्की लगाएको श्रीकृष्णका आफन्तले जनआकाश मिडियामा आएर बताएका छन् ।

एउटा जगवको कुरा पनि छ । बैदेशिक रोजगारीमा जान वा त्यहा समयस्या भएमा सावधान गर्ने भनेर छुट्टै बैदेशिक रोजगार विभाग रहेको छ । त्यहा उजुरी गर्न जादा कतिपय उजुरी लिननै नमान्ने तर लिइहालेमा पनि महिनौ सम्म सावधान नगर्ने र त्यहाका कर्मचारीले केही समयपछि हुन्छ जस्ता कुरा गरेर टारेर पठाउने गरिएको बैदेशिक रोजगार पीडित श्रीकृष्णका आफन्तले बताएका छन् । यसरी पछिल्लो समय बाँकी ६ पृष्ठमा

# संसद् सचिवालय शपथको गृह कार्यमा

काठमाडौँ । सङ्घीय संसद् सचिवालय प्रतिनिधिसभाका नवनिर्वाचित सदस्यलाई शपथ दिलाउन गृहकार्यमा जुटेको छ । नवनिर्वाचितमध्ये ज्येष्ठ सदस्यलाई राष्ट्रपतिबाट शपथ दिलाएपछि अरु सदस्यलाई पद तथा गोपनीयताको शपथ दिलाइनेछ । ज्येष्ठ सदस्य पहिचानका लागि सचिवालयले




यसअघि नै विवरण खुलाइ पठाइदिन निर्वाचन आयोगलाई पत्रचार गरिसकेको छ । राष्ट्रपति विद्यादेवी भण्डारीले यही पुस १० गतेभित्र प्रधानमन्त्रीका लागि दाबी पेश गर्न सात दिनको समय दिएर आह्वान गरिसक्नुभएको छ । हाल नवनिर्वाचित सदस्यमध्ये चित्रबहादुर केसी, महन्थ ठाकुर, महेन्द्रप्रसाद यादव र पशुपति शमशेर जबराको उमेर यकिन गर्नुपर्ने देखिएको छ ।

कुनै सदस्यले मातृभाषामा शपथ लिन चाहेमा शपथको तीनदिनअघि शपथ पत्रमा उल्लेख हुने विवरण तत् तत् भाषामा उल्था गरी त्यससम्बन्धी जानकारी संसद् सचिवालयलाई दिनुपर्नेछ । सचिवालय प्राप्त तथ्याङ्कअनुसार, प्रतिनिधिसभा सदस्य २०७४ को निर्वाचनपछि करिब ४६ सदस्यले नेपालीबाहेकका ११ मातृभाषामा शपथ लिनुभएको थियो । बाँकी ६ पृष्ठमा

# निर्वाचन प्रणाली थप सुधार गर्न आयोग दृढ संकल्पित छ : प्रमुख आयुक्त थपलिया

काठमाडौँ । प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलियाले पछिल्ला निर्वाचनका सिकाइ, अनुभव र उपलब्धिलाई संस्थागत गर्दै थप



सुधारका निम्ति अग्रसर हुन आयोग दृढ सङ्कल्पित रहेको बताएका छन् ।


प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्य निर्वाचन सम्पन्न भएका अवसरमा निर्वाचन आयोग नेपालद्वारा आयोग परिसरमा आयोजित जलपान समारोहमा मन्तव्य दिँदै उनले निर्वाचन सम्पन्न गराउने क्रममा आयोगबाट केही नवीनतम् असल अभ्यास अवलम्बन गरिएको जनाए ।

आयोगले यो निर्वाचनमा सार्वजनिक क्षेत्रबाट हुने खर्चलाई निश्चित सीमामा राखी राजनीतिक दल र उम्मेदवारबाट हुने निर्वाचन प्रचारप्रसार खर्चलाई पद्धतिगत नियन्त्रण र नियमन गर्ने प्रयत्न गरेको छ । यी सबै अभ्यास तथा प्रयास राजनीतिक सुशासन र निर्वाचनको निष्ठा कायम गर्न चालिएका कदमहरू हुन, उनले भने, आयोग कुनै पनि निर्वाचन पद, पैसा र प्रलोभनले प्रभावित हुनुहुँदैन, निष्ठा, विचार, सिद्धान्त र मूल्यमान्यताबाट निर्देशित हुनुपर्छ भन्ने आफ्नो मान्यतालाई स्थापित गर्न हरदम क्रियाशील रहको छ । यस क्रममा निर्वाचन सम्पन्न भएपछि त्यसको समीक्षा गर्ने, सुझाव लिने, असल अभ्यासलाई ग्रहण गर्ने र कमी कमजोरीलाई हटाउन आवश्यक सुधारको प्रक्रिया अगाडि बढाउने कार्यलाई आयोगले निरन्तरता दिनेछ ।

उनले निर्वाचन व्यवस्थापनमा गर्नुपर्ने सुधारका क्षेत्र पहिल्याई सबै सरोकारवालाको सुझाव तथा परामर्शमा नयाँ निर्वाचन कानूनको मस्यौदा तयार गरी नवनिर्वाचित प्रतिनिधिसभाको पहिलो अधिवेशनमै निर्वाचन व्यवस्थापन तथा सञ्चालन सम्बन्धी विधेयक पेस गर्नेगरी तयारी गरिएको र सो विधेयक निर्वाचन व्यवस्थापन सुधारको दिशामा कोसेढुङ्गा सावित हुने विश्वास व्यक्त गरे । प्रमुख आयुक्त थपलियाले कुनै पनि जिल्लामा रहेको व्यक्तिले आफू रहेकै जिल्लाबाट मतदाता नामावलीमा नाम दर्ता गर्न पाउने तथा अनलाइन प्रणालीमार्फत मतदाता बाँकी ६ पृष्ठमा

# शंकर पोखरेलको दावी शहरिया मध्यम वर्ग अस्थिरताको कारक

काठमाडौं । नेकपा एमालेका महासचिव शंकर पोखरेलले शहरिया मध्यम वर्ग अस्थिरताको कारक भएको टिप्पणी गरेका छन् । सोमबार नेपाल नगरपालिका संघले गरेको कार्यक्रममा उनले स्थानीय चुनाव र प्रतिनिधिसभा चुनावको मतपरिणामले शहरिया मध्यम वर्गमा विचलन देखिएको पुष्टि हुने बताएका हुन् । उनले कार्यक्रममा सहभागी नगरपालिकाका जनप्रतिनिधिलाई सम्बोधन गर्दै भने आज अस्थिरता कसका माध्यमबाट भइरहेको छ । शहरिया मध्यम वर्ग सबभन्दा ज्यादा असन्तुष्ट भइराखेको छ । नेपालको राजनीतिक प्रणालीप्रति त्यो कसको मातहतमा छ भन्दा तपाईहरु नेतृत्वको मातहतमा छ । तपाईहरुले उनीहरुलाई सन्तुष्ट गर्न सक्नुभयो राजनीतिक स्थिरतातर्फ हामी बाँकी ६ पृष्ठमा

'मान्छे कसैले पनि कर्म लिएर आएको हुँदैन । सृजना गरेमात्र भाग्य, रुप सुन्दर हुन्छ ।'- *मोहन कार्की*

## सम्पादकीय

### देशलाई अन्यौलतामा जान रोक्नुपर्छ

२०७८ मंसिर ४ गते भएको निर्वाचनमा नेपाली काँग्रेस अग्रस्थानमा आएको छ । नेपालमा काँग्रेस , एमाले, माओवादी केन्द्र पहिलो, दोस्रो, तस्रोमा आएपनि कुनैले स्पष्ट बहुमत ल्याउन सकेनन् । निर्वाचनको परिणामले गठबन्धन गरेर निर्वाचनमा गएका दलहरुले बहुमत ल्याउन सकेनन् । त्यसकारण नेपालको अबको सरकार कस्तो बन्छ यसै भन्न सक्ने अवस्था छैन । देशमा यतिखेर अन्यौलताको स्थिति छ ।

यस्तै संक्रमणकालीन अवस्थामा देशीविदेशी गलत उद्देश्य राख्ने तत्वहरुले नेपाल देश र नेपाली जनता विरुद्ध कार्य गर्ने खालका काम यस्तैं बेलामा गर्ने हुदा झनै देशका लागि खतराको अवस्था आउन सक्छ । यस्तो हुन गएको खण्डमा झनै नेपालको अवस्था अन्यौलतामा रुमलिन सक्छ जसको कारण देश प्रगतितीर होइनकी दुर्गतितीर फस्न सक्छ । त्यस्तै खालको वातावरण बन्दै गएको होकी भन्ने भान नेपालमा पर्न थालेको छ ।

सरकारमा गठबन्धनको रुपमा रहेको माओवादी केन्द्रका अध्यक्ष प्रचण्डले गठबन्धनलाई सघाउने तर सरकारमा नजाने जस्ता अभिव्यक्ति दिएका छन् । भने अर्का काँग्रेसका सभापति तथा प्रधानमन्त्री शेर बहादुर देउवाले गठबन्धन भन्दा बाहिर रहेका पार्टीहरुसँग गरेको गतिविधिले वर्तमान सरकार धरमराएको देखिन्छ ।

यस्तो तिकतता सरकार पक्षका दलमा आउनुले सरकार तोकेको समयमा संविधानले ब्यवस्था गरेको जसरी समयमा बन्न सकेन भने सदनमा संसद किनबेच हुन्छ भन्ने भनाई विगतमा आउथे त्यस्तै वर्तमानमा पनि नहोला भन्न सकिदैन । सरकार बनाउन देशी बिदेशी गलत उदेश्य राख्ने तत्वहरुले आफ्नो अनुकुलको सरकार बनाउन खेल्ने र त्यस्तो खेलमा राजनीतिक पार्टीका संसदहरुलाई सरकार बनाउने संख्या पुऱ्याउन गलत तरिकाले प्रयोग गर्ने र सरकार बनाउने त्यही सरकारलाई गलत कार्यमा प्रयोग गर्ने हुनसक्छ । त्यस्ता कार्यले देशको हितमा काम हुन सक्दैन । जनताको उन्नति पनि हुदैन । त्यस्तो घटनाहरु विगतमा भएको भनेर जनयुद्ध समेत भएर हजारौ हजार नागरिहरुले ज्यान समेत दिएका घटना नेपाल देशमै भएको छ ।

त्यो आन्दोलनबाट आएको पार्टी नेकपा माओवादी केन्द्र पनि सरकारमा छ । त्यसकारण जनताले जितायर पठाएका पार्टीहरुका जनप्रतिनिधिहरुले जनताको मतलाई कदर गरेर देशमा आउन लागेको अन्यौलताई पार लगाउन जिम्मेवारी भई देश र जनताको पक्षमा हुनेगरी काम गर्नुपर्ने सोच बनाउनु पर्ने देखिन्छ ।

राजनीतिक पार्टीका प्रमुख नेताहरुले गलत कार्य गर्न सुझाएछन् भने पनि सही कुराहरु संयुक्त छलफलमा राखेर गलतलाई गलतनै हो भन्न सक्ने वातावरण बनाउनु पर्छ । त्यो आट दलका संसदहरुले गरेभने सक्छन् ।

यस्ता कार्यहरु अहिलेका स्वतन्त्र र पार्टीवाट जनताले मत दिएर पठाएका संसदहरुले गर्न सक्नुपर्छ । यसो गर्न सक्ने क्षमता नेपालका संसदहरुमा पनि छ भन्ने सन्देश विश्वमा जानेछ र सबल सक्षम संसदहरुले सबल सरकार बनाउन सक्छन् । सवल र सक्षम नेतृत्वहरुले बनाएको नीति नै सवल हुन्छ र देशको विकास पनि हुन सक्छ । यस्ता कार्य गर्ने उद्धेश्य राखेर नवनिर्वाचित संसदहरुले कार्य गरी देशमा आउन सक्ने अन्यौलतालाई परास्त गर्नुपर्छ ।

# भागबन्डाको राजनीति, नेपथ्यको चलखेल

**राजाराम गौतम**

जबजब नेपालमा सरकार बनाउने अभ्यास सुरु हुन्छ, तबतब दृश्यअदृश्य शक्तिकेन्द्रहरू सलबलाउन थाल्छन । आम निर्वाचन २०७९ को नतिजाले पूर्ण आकार नलिँदै सुरु भएको सलबलाहट निर्वाचन आयोगले राष्ट्रपति विद्यादेवी भण्डारीसमक्ष नतिजा प्रतिवेदन बुझाएसँगै बढेर गएको छ । यसबीच शिष्टाचार भेटको आवरणमा काठमाडौंस्थित नियोगका दूतहरूको अस्वाभाविक सक्रियता मात्रै बढेको छैन, विभिन्न एजेन्सीका 'कोभर्ट' चलखेलका चर्चाले पनि राजनीति गर्माएको छ । दूतहरूले दलका नेतालाई भेटेर बधाई दिनु सामान्य शिष्टाचारभित्रै पर्छ । यद्यपि, शिष्टाचारको आवरणमा आन्तरिक राजनीतिमा अनावश्यक चासो राख्नु स्वाभाविक होइन । उसै पनि नेपालमा सत्ता परिवर्तन हुँदा होस् वा सरकार फेरिँदा शक्तिकेन्द्रहरूको चलखेल हुन्छ भन्ने 'षड्यन्त्रको सिद्धान्त' (कन्स्पिरेसी थ्यौरी) निकै बिक्छ । यस्तो 'थ्यौरी' लाई बल विगतका दृष्टान्त र हाम्रै राजनीतिक नेतृत्वको व्यवहारले दिने गर्छ । अनि एउटा गम्भीर प्रश्न उठ्छ, नेपालमा सरकार निर्माण जनादेशको बलमा हुन्छ कि शक्तिकेन्द्रहरूको स्वार्थ र प्रभावमा ?

**शीतलनिवासतिर (कु)दृष्टि**

अहिले यो प्रश्न फेरि उठेको छ । केही 'प्रायोजित' नामसँगै शीतल निवासको भावी नेतृत्व को भन्ने बहस सुरु भएपछि प्रश्न उठेको हो । हालै सार्वभौम मतदाताबाट अनुमोदित भएका जनप्रतिनिधिले शपथ खाएकै छैनन् तर अँध्यारा कोठाहरूमा स्वार्थ समूहहरूको आदेश पालना गर्दै चलखेल सुरु भइसक्यो । वर्तमान राजनीतिको पहिलो कार्यसूची सरकार गठन हो । भर्खरै आम निर्वाचन सम्पन्न भएको छ । निर्वाचन आयोगले राष्ट्रपति भण्डारीसमक्ष अन्तिम नतिजा बुझाइसकेको छ ।

राष्ट्रपति भण्डारीले औपचारिक आह्वान नै गरेपछि सरकार गठनको दिनगन्ती सुरु भइसकेको छ । बढीमा एक महिनाभित्र सिंहदरबारले नयाँ नेतृत्व पाइसक्नुपर्नेछ । नेपालको संविधानको धारा ७६(८) मा व्यवस्था भए अनुसार, निर्वाचन अन्तिम परिणाम घोषणा वा प्रधानमन्त्री पद रिक्त भएको मितिले ३५ दिनभित्र प्रधानमन्त्री नियुक्ति प्रक्रिया समाप्त गरिसक्नुपर्छ ।

निर्वाचन परिणामले कुनै एक दललाई बहुमत नदिई मिलीजुली सरकार बनाउने म्यान्डेट दिएको सन्दर्भमा संविधानको धारा ७६(१) को औचित्य अहिलेलाई रहेन । त्यसलै यो बेला आकर्षित हुने धारा ७६(२) हो जस अन्तर्गत दलहरूबीचको गठबन्धनबाट सरकार गठन हुन सक्छ । अहिलेसम्म कुनकुन दलबीच सहकार्य भएर सरकार बन्छ भन्ने प्रस्ट तस्बिर बनिसकेको छैन । त्यसकारण यो नयाँ गठबन्धन सरकारका लागि दलहरूबीच संवादको समय हो । तर, पहिलो कार्यसूची ओझेलमा पर्ने गरी दुई महिनापछि चुनिने नयाँ राष्ट्रपतिको बहसले जसरी राजनीति तरंगित भएको छ, यो स्वाभाविक परिघटना लाग्दैन ।

खिलराज रेग्मी लगायतका केही नाम चर्चामा ल्याउनुले नै यसले एक प्रकारको संशय जन्मायो । रेग्मी तिनै पात्र हुन्, जो पहिलो संविधानसभा विघटन भएपछि भारतको रुचि र माओवादी नेतृत्वको अग्रसरतामा मन्त्रिपरिषद्का अध्यक्ष भएका थिए । पहिलो संविधानसभाले नयाँ संविधान दिन नसकेर राजनीतिक गाँठो कसिएको त्यो समय दलहरू अन्तिमसम्म पनि सहमतिको प्रयत्न गर्दै थिए । तर, तत्कालीन प्रधानमन्त्री डा. बाबुराम भट्टराईले संविधानसभा विघटन गरेर गैरराजनीतिक व्यक्तिको नेतृत्वमा सरकार गठनको ढोका खोलिदिए । त्यही जस्केलाबाट छिरेर रेग्मी कार्यपालिका प्रमुख भएका थिए ।

रेग्मीले दोस्रो संविधानसभाको निर्वाचन सफलतापूर्वक गराए र नयाँ संविधान पनि बन्यो । तथापि उनको नियुक्ति राजनीतिको 'ब्लन्डर' थियो । उनको नियुक्तिले शक्ति पृथकीकरणको सिद्धान्तको मात्रै गला रेटेन, लोकतान्त्रिक मूल्यलाई पनि नामेट पाऱ्यो । बाह्य शक्तिको रुचि र सक्रियतामा न्यायालय प्रमुखलाई कार्यपालिकाको नेतृत्व सुम्पिइएको त्यो घटना नेपाली राजनीतिको कालो पक्ष हो ।

अहिले त्यस्तै प्रपञ्च दोहोऱ्याउने तानाबाना बुनिँदै छन्। भनिन्छ, स्वयं प्रधानमन्त्री शेरबहादुर देउवा आफ्ना भित्रियाहरूसँग थरीथरीका गैरराजनीतिक व्यक्तिहरूलाई भावी राष्ट्रपतिका रूपमा अघि सार्न छलफलमा छन । यो प्रपञ्चमा देखिने पात्र देउवा भए पनि सूत्रधारचाहिँ नेपथ्यको 'उही' शक्तिकेन्द्र भएको बताइन्छ ।

नेपथ्यका दृश्य-अदृश्य शक्तिकेन्द्रका लागि राजनीतिक अस्थिरता र अन्योलको वातावरण 'स्वर्ण समय' हो । लाग्छ, हाम्रो राजनीति त्यतै अग्रसर छ । कम्तीमा निर्वाचन नतिजाले त्यो संकेत गर्छ । कुनै एक दलको बहुमत नपुग्नु, प्रधानमन्त्री बन्ने होडबाजी चल्नु, हरेक दलभित्र गुटबन्दी र द्वन्द्व हुनु, भर्खर उम्रिएका दलहरूमा समेत सत्ता-लालसा देखिनु आदि केही कारण हुन् जसले आगामी दिनमा सत्ता खेलमैदानमा परिणत हुने अनुमान गर्न सकिन्छ । त्यो खेलमैदानमा दलहरूका अलावा नेपथ्यका शक्तिकेन्द्र र स्वार्थसमूहहरू पनि खेल्नेछन्। खेलमा आफ्नो भूमिका प्रभावी बनाउन र स्वार्थ स्थापित गर्न त्यो शक्ति अहिलेदेखि नै राष्ट्रपतिको 'लबिइङ' मा जुटेको छ ।

बाह्य शक्तिकेन्द्रको चलखेल र प्रभाव नेपालको सत्ता राजनीतिको कहिल्यै निको नहुने घाउ हो । खासमा हाम्रो राजनीति देशीविदेशी शक्तिस्वार्थको 'प्रयोगशाला' बन्दै आएको छ । विगततिर फर्किंदा स्वदेशीविदेशी शक्तिकेन्द्रका चासो, प्रभाव अनि हस्तक्षेपका अनेक दृष्टान्त भेटिन्छन । कहिले दरबारिया चलखेल र स्वार्थ हावी त कहिले शक्तिराष्ट्रहरू प्रभावी भएका नजीरहरू भेटिन्छन ।

**धमिलो मुहान**

२००७ साल अहिलेको राजनीतिक अभ्यासको मुहान हो । खासमा हाम्रो सत्ता राजनीति मुहानदेखि नै धमिलिन थालेको हो । सत्ता राजनीतिमा बाह्य शक्तिको दबाब र प्रभाव खोज्दा हामी त्यही मुहानमै पुग्नुपर्छ । २००८ सालमा राजा त्रिभुवनले मातृकाप्रसाद कोइरालालाई भारतीय रुचिमा प्रधानमन्त्री नियुक्ति गरेको सन्दर्भ यसको गतिलो उदारहण हो । मातृका सरकार बन्नुअघि मोहनशमशेरको नेतृत्वमा राणा(कांग्रेसको संयुक्त सरकार थियो जसमा बीपी कोइराला गृहमन्त्री थिए । बीपीले संयुक्त सरकारले जनक्रान्तिको भावना अनुसार काम गर्न सकेन भन्दै राजीनामा दिए र राजा त्रिभुवनसमक्ष राणा मन्त्रीहरूलाई हटाई एकपक्षीय सरकार गठनको माग राखे । बीपी बाहिरिएपछि अन्तिम राणा प्रधानमन्त्री मोहनशमशेरले पनि राजीनामा दिए ।

त्यसपछि बीपीलाई प्रधानमन्त्री बनाउनुपर्ने आवाज उठ्यो । सुवर्णशमशेर, गणेशमान सिंह, कृष्णप्रसाद भट्टराईसहित कांग्रेसका अधिकांश नेता बीपीलाई प्रधानमन्त्री बनाउनुपर्छ भन्ने पक्षमा उभिए तर राजाले मातृकालाई प्रधानमन्त्री बनाए । कारण, तत्कालीन भारतीय प्रधानमन्त्री जवाहरलाल नेहरू बीपी प्रधानमन्त्री भएको देख्न चाहँदैन थिए । उनले राजा त्रिभुवनलाई पत्र लेखरै बीपीलाई प्रधानमन्त्री नबनाउन सुझाएका थिए । पुरुषोत्तम बस्नेतद्वारा लिखित पुस्तक 'नेपाली कांग्रेसको इतिहासको प्रारूप' (भाग १) का अनुसार, नेपालको तत्कालीन स्थितिमा बीपीभन्दा मातृका प्रधानमन्त्रीमा उपयुक्त हुने विचार नेहरूले आफ्नो पत्रमा व्यक्त गरेका थिए ।

मातृकायता मुलुकले २२ जना प्रधानमन्त्री खेपिसक्यो तर अधिकांश नियुक्तिमा शक्तिकेन्द्रका रुचि र स्वार्थ मिसिएको पाइन्छ । २००७ सालदेखि २०१७ सालसम्म चरम राजनीतिक संक्रमणको अवस्था थियो । दरबारको स्वार्थ र इसारामा प्रधानमन्त्रीहरू नियुक्त हुन्थे, हटाइन्थे । यसबीच मातृका दुई पटक, टंकप्रसाद आचार्य, डा. केआई सिंह, सुवर्णशमशेर आदि सरकार प्रमुखमा नियुक्त भए ।

२०१६ सालमा बीपी कोइराला पहिलो पटक जननिर्वाचित प्रधानमन्त्री भए । उनले छोटो अवधि मात्रै काम गर्न पाए । २०१७ पुस १ गते उनलाई अपदस्थ गरी राजा महेन्द्रले निरंकुशतन्त्र लादे । तीसवर्षे पञ्चायती तन्त्रमा दरबारको निगाहमा तुलसी गिरी, सूर्यबहादुर थापा, कीर्तिनिधि विष्ट, लोकेन्द्रबहादुर चन्द, नगेन्द्रप्रसाद रिजाल र मरीचमान सिंह आदि प्रधानमन्त्री भए ।

२०४६ सालपछि जनआन्दोलनको बलमा कांग्रेसका सन्तनेता कृष्णप्रसाद भट्टराई अन्तरिम सरकारका प्रधानमन्त्री भए, जसले संविधान निर्माण र आम निर्वाचन सफलतापूर्वक सम्पन्न गराए । कांग्रेसका सर्वोच्च नेता गणेशमान सिंहले प्रधानमन्त्रीको 'अफर' सहजै त्यागेर भट्टराईलाई बन्न आग्रह गरेका थिए । पदत्यागको त्यो नजिर कांग्रेसले यति छिटै बिर्सियो कि, सत्ताको साँचो हात पर्नेबित्तिकै जनमतको अवमूल्यन गर्न थाल्यो । कांग्रेसको बहुमतको सरकार पार्टीभित्रको कलहका कारण ढल्यो र मुलुक मध्यावधि निर्वाचनमा गयो । निर्वाचनमा कुनै पनि दलको बहुमत आएन । एमाले ठूलो दलका रूपमा उदायो । एमालेको नौमहिने अल्पमतको सरकार ढलेपछि सुरु भएको अस्थिर राजनीतिमा बाह्य शक्तिकेन्द्रका चलखेल सतहमै देखिने गरी हुन थाले ।

प्रधानमन्त्री बन्न जस्तोसुकै अपवित्र गठबन्धन गर्ने, पार्टीमै अन्तर्घात गर्ने, विभाजनसम्ममा जाने अराजनीतिक अभ्यासहरू यही कालखण्डमा सुरु भए । एमालेको नौमहिने सरकारपछि शेरबहादुर देउवाको नेतृत्वमा कांग्रेस-राप्रपा संयुक्त सरकार बनेको थियो, जुन सात महिनामै ढल्यो । विश्वासको मत लिँदा कांग्रेसकै सांसदहरू दीपकजंग शाह र चक्रबहादुर ठकुरी अनुपस्थित भएपछि देउवा सत्ताच्युत भएका थिए । त्यो प्रकरणमा तत्कालीन कांग्रेस सभापति गिरिजाप्रसाद कोइरालाको भूमिका छ भन्दै उनीतिर औंला उठ्यो । खासमा त्यो प्रकरणमा उनको पछाडि नेपथ्यको उही शक्तिकेन्द्रको सक्रियता थियो ।

त्यसपछिका दिनहरू पनि सत्ता राजनीतिका दृष्टिले अस्थिर थिए । त्यो अवधिमा बाह्य शक्तिकेन्द्रका चलखेलहरू अरू बढे, जसको अर्को दृष्टान्त हो । महाकाली सन्धि । यो सन्धिका कारण एमाले विभाजन भयो । त्यो विभाजनमा पनि नेपथ्यकै शक्तिकेन्द्रको भूमिका धेरैले महसुस गरेकै सन्दर्भ हुन । २०४६ सालपछिको संसदीय राजनीति कालमा देखिएको शक्तिराष्ट्रका चलखेल २०६२-६३ सालपछिका सरकार निर्माणका चरणहरूमा पनि देखिए । २०६२-६३ सालको आन्दोलनपछि संसद् पुनःस्थापनासँगै गिरिजाप्रसाद कोइराला प्रधानमन्त्री भए । मुलुक संविधान निर्माण र शान्ति प्रक्रियाको चरणमा प्रवेश गर्यो । दुई पटक संविधानसभाको निर्वाचन भयो । यसबीच कांग्रेस र कम्युनिस्टका नेताहरू माधव नेपाल, प्रचण्ड, झलनाथ खनाल, बाबुराम भट्टराई, केपी ओली, सुशील कोइराला, देउवा पालैपालो प्रधानमन्त्री भए । पहिलो संविधानसभा विघटन भएपछि उत्पन्न अस्थिरताबीच प्रधानन्यायाधीश खिलराज रेग्मी कसरी मन्त्रिपरिषद्का अध्यक्ष भए, त्यो माथि नै चर्चा गरियो ।

यसरी पटक-पटकको सरकार फेरबदलमा शक्तिराष्ट्रहरूको चासो खुलेर प्रकट हुने गरेको पाइन्छ । कतिसम्म भने, माओवादी अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले २०६९ सालमा भएको एउटा कार्यकर्ता भेलामै बोले, 'भारतले बाबुरामलाई प्रधानमन्त्री बनाउन दबाब दिइरहेको छ ।' त्यसो भनेको एकाध महिनापछि प्रधानमन्त्री भएका बाबुरामले चाहिँ 'मुलुकको साँचो अन्तै रहेछ' भनेर झन् विवादित अभिव्यक्ति दिए ।

सरकार फेरबदलमा मात्रै होइन, संविधान निर्माण र शान्ति प्रक्रियाका बेला विभिन्न शक्तिराष्ट्रको चासो र स्वार्थको टकरावका थुप्रै उदाहरण ताजै छन । र, यो सिलसिला अझै रोकिएको छैन, बरु बढ्दै गएको छ । अहिले 'एक्टर' हरू थपिएका छन । नेपालमा भारत, चीन, अमेरिका लगायतका शक्तिराष्ट्रहरूका आआफ्नै रणनीतिक स्वार्थ र चासो छन । एक प्रकार हामी भूराजनीतिक पासोमा छौं । अदृश्य रूपमा क्रियाशील विभिन्न एजेन्सीका गुप्त चलखेल उत्तिकै छन् भनिन्छ । अहिले भावी राष्ट्रपतिका लागि गैराजनीतिक व्यक्ति अघि सार्ने खेल पनि यही गुप्त चलखेलको कडी हो ।

**नेता कि ठेकेदार ?**

हाम्रो दुर्भाग्य के हो भने, यस्ता चलखेललाई 'स्पेस' दिने हाम्रै राजनीतिक नेतृत्व हो । नमीठो सुनिन्छ, तर नेताहरूका शक्तिकेन्द्रमुखी क्रियाकलापका कारण प्रश्न उठ्छ हाम्रा शीर्ष नेताहरू जनताबाट अनुमोदित प्रतिनिधि हुन् कि शक्तिकेन्द्रका ठेकेदार ? अधिकांश नेताका अनुहारमा शक्तिराष्ट्रको 'ट्याग' झुन्डिनु दुर्भाग्यपूर्ण हो । फलानो भारतको मान्छे, ढिस्कानो अमेरिकी 'एजेन्ट' अनि अर्को चीनपरस्त । ठूला भनिएका धेरै नेताको परिचय यस्तै बनेको छ । जब राजनीतिमा योग्यता, क्षमता, सृजनशीलता र नयाँ भिजनको अर्थ रहँदैन, सत्ताका लागि शक्तिकेन्द्रहरू रिझाउने वा त्यतै धाउने परिपाटी हुर्किन्छ र जब दलभित्र गुट र गणित प्रधान हुन्छ, त्यसपछि राजनीतिले भोग्ने नियति यही हो ।

भनिन्छ, हाम्रा एक थरी नेताहरू दिल्लीमा पानी पर्दा काठमाडौंमा छाता ओढ्छन्, अर्का थरी बेइजिङमा हिउँ पर्दा यता कठ्याङ्ग्रिन्छन्, अनि तेस्रो थरी वासिङ्टन डीसीमा घाम अस्ताउँदा काठमाडौं अँध्यारो भएको महसुस गर्छन । नेतृत्वमा यो प्रवृत्ति जीवित रहुन्जेल शक्तिराष्ट्र र स्वार्थ समूहहरूका अनधिकृत चासो र प्रभावबाट नेपाली राजनीति मुक्त हुनेछैन । हामी सार्वभौम मतदाताबाट अनुमोदित भएर लोकतन्त्रको अभ्यास गरिरहेको भ्रम त पालिराखौंला तर यथार्थमा 'नियन्त्रित अस्थिरता' का पृष्ठपोषकहरूको सलबलाहटले जनअनुमोनको अवमूल्यन भइरहन्छ र अँध्यारा कोठामा प्रधानमन्त्री, राष्ट्रपतिजस्ता गरिमामय पदको मोल बढाबढ चलिरहन्छ । अनि तिनै प्रश्नले लखेट्छन- हाम्रो शासन व्यवस्थाको स्रोत सार्वभौम जनता कि बाह्य शक्तिकेन्द्र ? सत्ताको साँचो दलहरूसँग छ कि अन्तै ? कान्तिपुर

# महिला हिंसाको जड पुरुषको पुरानै मानसिकता

विना न्यौपाने

काठमाडौँ । अहिले महिला हिंसाविरुद्धको १६ दिने अभियान चलिरहेको छ । तर अभियान चलिरहँदा देशभर महिला हिंसाका घटना मात्रै होइनन्, कति महिलाले ज्यानै गुमाउनुपरेका समाचार बाहिर आएका छन् । यसका पछाडि सबैभन्दा ठूलो पुरुष सोच र मानसिकताको जड छ । यो अभियानले अधिकांश पुरुषको मनमा रहेको सामान्य जस्तो लाग्ने, तर हिंसाको मुख्य जड अचम्मको हुँदो रहेछ ।

बिहान बेलुका घरको काम महिलाको दैनिकी हो । पुरुषले जागिर। व्यवसाय गरेर पैसा कमाएकै छु, श्रीमतीले मेरो मैलो लुगाहरू धुनुपर्छ, मैले जे जे भने पनि जे जे गरे पनि सहनुपर्छ, मेरो श्रीमती हुनु नै उसको परिचय हो भन्ने पुरुष मानसिकता छ । अनि मलाई मन लागेको बेला यौन सम्पर्क गर्न दिनु उसको दायित्व हो, पितृ सत्ताको चुरो नेपाली पुरुषको यही गलत सोच हो । मेरो बुझाई गलत छैन भने बाहिर कसैले नसुनाउने कथित इज्जतदार घरमा महिला हिंसाको स्वरूप झन् विकराल बन्दै गएको छ । त्यसका लागि मैले देखे भोगेका केही उदाहरण पनि यहाँ प्रस्तुत गर्न चाहन्छु ।

पहिलो घटना : पल्लो घरकी हाकीम्नी दिदी, सबैले हाम्री दिदी भनेर सम्बोधन गर्छन् । घरमा आउने अनि बाहिर भेटिनेसँग उनको व्यवहार अति नै राम्रो हुन्छ । देख्दा लाग्छ यो दुनियाँकै सुखी र खुसी यिनै मान्छे हुन् । तर अपसोच यिनको पीडाको बाध फुट्यो भने के होला ?

नजिकबाट उनलाई नियाल्नेलाई बाहेक पीडा के हो भनेर कसैले आँकलनसम्म पनि गर्न सक्दैन, एक मुस्कानमा सबै पीडा लुकाउने दिदी। उनको वास्तविक विस्तार गर्नै सकिन्न। किनकि उनको पीडा व्यक्त गर्न सकिने खालकै छैन। जुन पुरुषकै कारण सिर्जना भएको हो ।

दोस्रो घटना : महिला अभियानकर्ता भनेर चिनिने प्रख्यात नाम, जसको घरमा काम गर्न बस्ने सुन्तली दिदी । आफ्नो गुजरा चलाउन अरुको घरमा बिहान बेलुका जुठो भाँडा उठाउनु पर्ने, देख्दैमा घिन लाग्ने कपडा उठाएर धुनु पर्ने छ । यति मात्रै कहाँ हो र मालिकको घरमा मालिक्नी नभएको बेला ओछ्यानसम्म तताईदिनु पर्ने सुन्तली जस्ता महिला कति छन् ? अनि कसरी महिला हिंसाको सिकार भएका छन् । कसैलाई वास्ता छैन। सुन्तली दिदी आफैले यो घटना बाहिर ल्याउन पनि सक्दिनन् कारण उनको गाँस, बाँस र कपास नै रोकिन्छ । कहिले आउँछ यी र यस्ता महिलालाई महिला हिंसाविरुद्धको दिवस ? कहिले प्रत्याभूत गर्न पाउँछन् । कानुनी राज्यको सर्वोत्कृष्ट संविधानको महसुस ? प्रश्न त धेरै छन् तर जवाफ छैन । तेस्रो घटना : तराईमा महिला हिंसा धेरै छ । अब रोक्नु पर्छ, सुरुवात आफ्नो घरबाट भन्ने सर्मिला महतोले छोरोको बिहे गरिन् । गाउँकै जान्ने बुझ्ने, ओहो, सर्मिला दिदी भन्छन्, उनको नाम लिने बित्तिकै तर आज तिनै सर्मिला दिदीकी बुहारी दाइजोका कारण सर्वोच्चसम्म पुग्नु परेको छ । कारण हो, घरेलु हिंसा । श्रीमानको पीटाईबाट एक महिना अस्पताल बसेर निस्केकी सानु भन्छिन्, 'मेरो सासुको हात्तिको देखाउने र चपाउने दाँत जस्तै रहेछ व्यवहार समयमा चिन्न सकिन्, अहिले धेरै आत्माग्लानी भएको छ ।'

कहिल्यै छोरालाई यस्तो नगरसम्म भनिनन्, उल्टै सुकुम्वासीको छोरी भन्ने उपनाम पाएकी छु, उनका आँखा भरिए । सहजै अनुमान लगाउन सकिन्छ कि नेपालमा महिला अधिकारकर्मीले कस्तो भूमिका खेलेका छन् । सबैलाई एउटै टोकरीमा राख्न त नमिल्ला तर पनि राज्य तथा विभिन्न संघ संस्थाले जति लगानी महिला हिंसा रोक्नको लागि गरेका छन् त्यो बालुवामा पानी खन्याए जस्तै भएको छ। पीडित झन् पीडामा छन् पीडक झन् अग्रसर । नेपालमा महिला हिंसा न्यूनीकरणका लागि विभिन्न कानुनी तथा संस्थागत व्यवस्था कायम छन् । पहिलो लिखित कानुन मुलुकी ऐन १(१)को जीउ मास्ने बेच्ने, सती जाने, आशय करणी, करणीको आशयले हातपात गर्ने, हाडनाता, जबरजस्ती एवम् कमारा र बाँधाको महलको व्यवस्थालाई पनि त्यो समयको प्रगतिशील व्यवस्था मान्नुपर्ने हुन्छ । त्यसपछि जारी गरिएको सुधारिएको मुलुकी ऐन २०२० हुँदै विभिन्न विषयगत कानुन हुँदै मुलुकी फौजदारी संहिता २०७४ सम्म आइपुग्दा महिला हिंसा न्यूनीकरणका लागि प्रशस्त कानुनी व्यवस्था र प्रतिबद्धता छन्। सोही मात्रामा राज्यले संस्थागत संयन्त्रहरूको पनि स्थापना र विकास, स्रोतको परिचालन गर्दै आएको छ ।

हिंसा अन्त्यका लागि के गर्ने ?

विभिन्न आध्यात्मिकता मिसिएको विश्वाससँग हाम्रो सामाजिक मूल्य गाँसिने गरेको छ । जसले गर्दा महिला माथिको नियन्त्रणको दायरा अझ पनि कसिलो देखिन्छ । त्यस्तो मानसिकता कसरी निर्माण हुन्छ र यसमा जिम्मेवार के हो वा को हो ? भन्ने प्रश्नको उत्तर खोज्न ढिला भई सकेको छ । हिंसालाई उत्प्रेरित गर्ने कारणमा उमेर, वर्ग, संस्कृति, जातीयता, धर्म, यौन झुकाव र उनीहरूको उत्पत्तिको विशिष्ट भौगोलिक क्षेत्र हुन सक्दछ । यसका अतिरिक्त नागरिक चेतनाको स्तरमा देखिएको कमी, गोप्यतामा रमाउने हाम्रो संस्कृति, औपचारिक शिक्षा प्राप्त भएको तर दीक्षा प्राप्त गर्न नसकेको हाम्रो वर्तमान हुन नसकेको कानुनी व्यवस्थाको कार्यान्वयन र अपराधीलाई कडा दण्ड सजाय लैङ्गिक हिंसालाई मलजल गर्ने अन्य कारण हुन सक्दछ । हिंसाका कारण, हामीले सोचेका हुन् कि त्योभन्दा फरक हुन्, त्यसले खासै फरक नपार्ला । यहाँ समाजको गन्तव्य भने सदैव हिंसा अन्त्यको दिशामा हुनु आवश्यक छ । पुरुष वर्गले पुरुष भएर होइन बाबु, दाजु वा जीवनसाथी भएर यी प्रश्नको उत्तर खोज्नुपर्ने भएको छ । मैले असहजतामा पारिरहेको महिला पनि कसैको छोरी, कसैको बुहारी, कसैकी दिदीबहिनी अनि कसैकी श्रीमती हुन् । जसरी मेरी छोरीको स्वतन्त्रता र स्वच्छन्दता मलाई अमूल्य छ, त्यसरी नै यी चेलीको दाजु वा जीवनसाथीलाई यिनको सुरक्षा र स्वाभिमान प्यारो हुन्छ, भन्ने सोच हामी सबैमा हुनु पर्छ । त्यस्तै महिला मित्रहरूले आमा, दिदी र जीवनसाथीको भावबाट सोच्नुपर्ने कुरा भनेको, कतै मेरो छोराले कसैको छोरीको बलात्कार त गर्ने छैन ? मेरो भाइको कारणले कुनै चेली हिंसामा त परेकी छैनन् ? मेरो जीवनसाथीले कार्यालय वा अन्य स्थानमा महिलामाथि दुर्व्यवहार त गरेको छैन ? भनेर सोच्न सक्नुपर्छ । समग्रमा हामी आम पुरुषले पुरुष र महिलाले महिला भएर होइन, मानिस भएर यी प्रश्नको उत्तर खोज्नुपर्छ । के सबै पुरुष पापी, अमानवीय र बलात्कारी, क्रुर मानसिकताका हुन्छन् त ? महिलामाथि यौनिक हिंसा किन हुन्छ ? यौनिक हिंसा कसले गर्छ ? समाजमा कैयौं परिवर्तन हुँदा पनि आखिर के कारण यौनिक हिंसामा कमी आउनुको सट्टा लगातार बढिरहेको छ ? सामाजिक न्याय, समानता र सम्मानको प्रत्याभूति दिने दाबी गर्ने कैयौं कानुनी पाना आखिर यौनिक हिंसा रोक्ने सवालमा किन यति विघ्न निरीह बने होला ? समाजमा विद्यमान यस प्रकारका विकृति र विसंगतिका विरुद्ध परिवार र समुदाय स्तरमा व्यापक रूपमा सचेतना अभियान सञ्चालन, कानुनमा उल्लिखित दण्ड र सजायको प्रभावकारी कार्यान्वयन, साथै महिलाहरूलाई आर्थिक रूपले आत्मनिर्भर बनाउँदै महिला र पुरूषमा भएको असमान शक्ति संरचनामा परिवर्तन गर्न सके मात्र महिलाविरुद्ध हुने हिंसा कम गर्न पक्कै पनि सकिन्छ । खबरहब

सबैलाई एउटै टोकरीमा राख्न त नमिल्ला तर पनि राज्य तथा विभिन्न संघ संस्थाले जति लगानी महिला हिंसा रोक्नको लागि गरेका छन् त्यो बालुवामा पानी खन्याए जस्तै भएको छ। पीडित झन् पीडामा छन् पीडक झन् अग्रसर । नेपालमा महिला हिंसा न्यूनीकरणका लागि विभिन्न कानुनी तथा संस्थागत व्यवस्था कायम छन् । पहिलो लिखित कानुन मुलुकी ऐन १(१)को जीउ मास्ने बेच्ने, सती जाने, आशय करणी, करणीको आशयले हातपात गर्ने, हाडनाता, जबरजस्ती एवम् कमारा र बाँधाको महलको व्यवस्थालाई पनि त्यो समयको प्रगतिशील व्यवस्था मान्नुपर्ने हुन्छ । त्यसपछि जारी गरिएको सुधारिएको मुलुकी ऐन २०२० हुँदै विभिन्न विषयगत कानुन हुँदै मुलुकी फौजदारी संहिता २०७४ सम्म आइपुग्दा महिला हिंसा न्यूनीकरणका लागि प्रशस्त कानुनी व्यवस्था र प्रतिबद्धता छन्। सोही मात्रामा राज्यले संस्थागत संयन्त्रहरूको पनि स्थापना र विकास, स्रोतको परिचालन गर्दै आएको छ ।

विभिन्न आध्यात्मिकता मिसिएको विश्वाससँग हाम्रो सामाजिक मूल्य गाँसिने गरेको छ । जसले गर्दा महिला माथिको नियन्त्रणको दायरा अझ पनि कसिलो देखिन्छ । त्यस्तो मानसिकता कसरी निर्माण हुन्छ र यसमा जिम्मेवार के हो वा को हो ? भन्ने प्रश्नको उत्तर खोज्न ढिला भई सकेको छ । हिंसालाई उत्प्रेरित गर्ने कारणमा उमेर, वर्ग, संस्कृति, जातीयता, धर्म, यौन झुकाव र उनीहरूको उत्पत्तिको विशिष्ट भौगोलिक क्षेत्र हुन सक्दछ । यसका अतिरिक्त नागरिक चेतनाको स्तरमा देखिएको कमी, गोप्यतामा रमाउने हाम्रो संस्कृति, औपचारिक शिक्षा प्राप्त भएको तर दीक्षा प्राप्त गर्न नसकेको हाम्रो वर्तमान हुन नसकेको कानुनी व्यवस्थाको कार्यान्वयन र अपराधीलाई कडा दण्ड सजाय लैङ्गिक हिंसालाई मलजल गर्ने अन्य कारण हुन सक्दछ ।

खाना पकाउने ग्याँस (एल.पी. ग्याँस) प्रयोगकर्ताहरुलाई सुरक्षा सम्बन्धी
नेपाल आयल निगम लि. को
अति आवश्यक जानकारी
एल.पी. ग्याँस अत्यन्तै प्रज्वलनशिल पेट्रोलियम पदार्थ भएकाले यसको प्रयोगमा पर्याप्त सतर्कता एवं सावधानी अपनाउनु जरुरी हुन्छ । त्यसैले खाना पकाउने ग्याँसको चुहावटले हुने दुर्घटनाबाट बच्न देहायका कुरामा विशेष ध्यान पुऱ्याउन सम्पूर्ण उपभोक्तावर्गमा नेपाल आयल निगम अनुरोध गर्दछ ।
दुर्घटनाबाट बच्न ध्यान दिनुपर्ने कुराहरु :
१. सिलिण्डर ल्याउदा लैजादा नगुडाऔं । भान्सामा सिलिण्डर सँधै ठाडो राखी प्रयोग गरौं । सुताएर, घोप्टाएर प्रयोग नगरौं ।
२. रेगुलेटर, रवर, पाइप, चुलोजस्ता उपकरणहरु गुणस्तर भएको मात्र प्रयोग गरौ । साथै हरेक दुई वर्षमा ग्याँसको पाइप फेरौ ।
३. काम सकेपछि सँधै रेगुलेटर बन्द गर्न नबिर्सौं।
४. खाना पकाउदा सधै झ्याल ढोका खुल्ला राखौं र सुतीको कपडा लगाएर मात्र खाना पकाउने गरौ ।
ग्याँस चुहावट भएमा ध्यान दिनुपर्ने कुराहरु :
१. खाना पकाउने स्थानमा एल.पि. ग्यासको तिखो गन्ध आइरहेको छ भने ग्याँस चुहिएको भन्ने बुझ्नु पर्दछ। ग्याँस लिक भएमा पहिले रेगुलेटरको र पछि चुल्होको नव बन्द गरौ ।
२. झ्याल ढोका खुल्ला राखौ र झिल्का निस्कने बस्तुहरु जस्तै ग्याँस चुल्हो, सलाई, लाईटर, धुप आदि नबालौ । विद्युतजन्य उपकरणको प्रयोग नगरौ ।
३. ग्याँस लिक भएमा रेगुलेटरलाई सिलिण्डरबाट छुटाई सिलिण्डरमा सेफ्टी क्याप लगाइ बाहिर खुल्ला स्थानमा राखौ र यथाशिघ्र नजिकको ग्याँस बिक्रेता अथवा ग्याँस उद्योगमा सम्पर्क गरौ ।
"सचेत र सावधान हुनु नै सुरक्षित हुनु हो ।"
उपभोक्ता जनहितका लागि जारी
नेपाल आयल निगम लि.
केन्द्रीय कार्यालय, बबरमहल, काठमाडौं, नेपाल
०१–४२६३४८५, ४२६३४८१

# रामेछाप डायरी

## सांसद कान्छारामद्वार रामेछापका पत्रकारका लागि २ लाख राशीको अक्षयकोष स्थापना गर्ने घोषणा

रामेछाप । रामेछापका प्रतिनिधिसभा सदस्य पूर्णबहादुर तामाङ कान्छारामले रामेछापमा पत्रकारहरुको हितका लागि दुई लाख रुपैयाँको अक्षयकोष स्थापना गर्ने घोषणा गरेका छन् । बिहीबार सदरमुकाम मन्थलीमा आयोजित पत्रकार महासंघ रामेछापको १९ औँ साधारण सभालाई सम्बोधन गर्दै उनले दुई लाख रुपैयाँ राशिको पत्रकार 'अक्षयकोष स्थापना गर्ने घोषणा गरेका हुन् । तामाङले आफुनो आमा बुबाको नाममा २ लाख बराबरको अक्षयकोष स्थापना गर्ने र सो कोषबाट पत्रकारहरूको आपत्वि/पतमा प्रयोग गर्न सक्ने बताए । यसैबीच पत्रकार महासंघ रामेछापका पूर्व अध्यक्ष पत्रकार टीका भट्टले एक लाख बराबरको पत्रकार सम्मान पुरस्कार कोष स्थापना गर्ने घोषणा गरेका छन् ।

त्यस्तै पत्रकार महासङ्घ रामेछापका पूर्व अध्यक्ष टिका भट्टले एक लाख रुपैयाँको पत्रकार पुरस्कार कोष स्थापन गर्ने घोषणा गरेका छन् । बिहीबार पत्रकार महासङ्घ रामेछापको १९ औँ साधारण सभालाई सम्बोधन गर्दै पूर्व अध्यक्ष भट्टले १ लाख राशिको पुरस्कार आफ्नै पैसाबाट प्रत्येक वर्ष एक जना उत्कृष्ट पत्रकारलाई प्रदान गर्ने गरी स्थापन गर्ने घोषणा गरेका हुन् । ३१ वर्षदेखि पत्रकारिता क्षेत्रमा आबद्ध पत्रकार भट्टले 'म धनी हैन, तीन दशक यही क्षेत्रमा बिताएँ । अब, यसमा लाग्नेहरूको बढ्दै गएका छन् । यसमा म, धेरै खुसी छु । यसरी बढ्नु नै मेरो सम्पत्ति हो, भनेर बुझेको छु । त्यसैले यसमा लागेकाहरूले सही र प्रमाणको आधारमा उत्कृष्ट लेखन बनाउन सकुन् र प्रेरित हुन् भन्ने उद्देश्यले प्रत्येक वर्ष त्यो कोषबाट जम्मा हुने ब्याजबाट सम्मानित गर्ने गरी म, मेरो आमाबुबाको नाममा कोष स्थापना गर्ने घोषणा गर्छु ।' उनले थपे यो सम्मान वर्षैपिछे, फरक फरक विधामा सम्मान गर्छौ। गर्छौं । समिति तयार हुन्छ । त्यसले नाताबाद्, कृपाबाद् केही नहेरी राम्रो लेख्ने पत्रकारसाथिहरुलाई सम्मानित गर्छौं ।'

## काँग्रेस रामेछापले गऱ्यो निर्वाचित सांसदलाई सम्मान

रामेछाप । शुक्रवार बसेको नेपाली काँग्रेस जिल्ला कार्यसमिति बैठकले गत मंसिर ४ गते सम्पन्न निर्वाचनमा निर्वाचित गठबन्धनका उम्मेदवारलाई सम्मान गरेको छ । पार्टी कार्यालय बिपी स्मृति भवनमा बसेको १५ औँ जिल्ला कार्यसमिति बैठकले निर्वाचित गठबन्धनका उम्मेदवार युवराज चौलागाई, तारानारायण श्रेष्ठलाई सम्मान गरेको हो । निर्वाचित प्रतिनिधिसभा सांसद एवं जिल्ला पार्टी सभापति पूर्णबहादुर तामाङ (कान्छाराम) को अध्यक्षतामा बसेको बैठकले निर्वाचनलाई आफ्नो पकडमा पार्न सफल गठबन्धनका 'चुनावी कमाण्डार' लाई पनि सम्मान गरेको छ । नेपाली काँग्रेसका निवर्तमान सभापति एवं रामेछाप नगरपालिकाका प्रमुख लबश्री न्यौपाने र माओवाद केन्द्रका पोलिटब्युरो सदस्य, जिल्ला इन्चार्ज श्यामकुमार श्रेष्ठ (कुशल) लाई सम्मान पत्रले सम्मानित गरिएको हो । त्यस्तै पार्टीका दुई क्षेत्रीय सभापति १ का निरोज खड्का र २ का राजेशकुमार श्रेष्ठलाई सम्मानित भएका छन् । त्यस्तै नेपाली काँग्रेस र नेकपा माओवादी केन्द्रका सम्पर्क समितिका अध्यक्षहरू क्रमशः राजनारायण श्रेष्ठ र कर्ण चौलागाईलाई पनि सम्मान गरिएको छ । दुई पार्टी गठबन्धन गरेर निर्वाचनमा होमिएका काँग्रेस र माओवादीले चुनाव आफ्नो पक्षमा पारेका छन् । यसअगाडि शुक्रवारै काँग्रेसको भातृ संस्था ( नेविसंघ) रामेछापका अध्यक्षले पनि निर्वाचित सांसदहरूलाई सम्मान गरेका थिए ।

## नीति र विधिभन्दा बाहिर गएर कुनै काम गर्दैनौं : गाउँपालिका अध्यक्ष श्रेष्ठ

रामेछाप । खाँडादेवी गाउँपालिकाका अध्यक्ष ज्ञानकुमार श्रेष्ठले ५ वर्षमा पालिकाको मुहार फेर्ने गरी काम गर्ने बताउनु भएको छ ।

नेपाल पत्रकार महासंघ रामेछापको १९ औँ साधारण सभालाई सम्बोधन गर्दै पालिका अध्यक्ष श्रेष्ठले भने नीति र विधि भन्दा बाहिर गएर कुनै काम नगर्ने प्रतिबद्धता व्यक्त गर्नु भयो । नीति र विधि नमान्दा पालिकाभित्रका जनताको लागि आफू नराम्रो पालिका अध्यक्ष भैसकेको दोहोऱ्याए । 'म दङ्दङी गनाएको छु पालिकावासीको लागि, अझै गनाउँछु । ४ वर्ष भरी बेस्सरी गनाउँछु र ५ वर्षमा यो पालिकाको समृद्धिको सपना साहाकार पर्छु, अध्यक्ष श्रेष्ठले भने । पूर्वाधारलाई चौथौं प्राथमिकता दिएर काम गर्दै गरेको जानकारी गराएका पालिका अध्यक्ष श्रेष्ठले कृषिमा आमूल परिवर्तन बिना देश विकास सम्भव नभएको जिकिर गरे । उनले उत्पादनलाई बढाएर निर्यात गर्नु पर्ने र आम्दानीको स्रोत बढाउनुको विकल्प नहरेको ठोकुवा गरे । एमालेबाट निर्वाचित अध्यक्ष श्रेष्ठले बिपी कोइरालाको मेलमिलापको नीति स्मरण गर्दै काँग्रेस र माओवादी जस्ता कुनै पनि पार्टीले विश्वमा नेपाली हुँ भनेर शिर ठाडो र गौरवान्वित हुने गरी देश विकास गरे आफू ती पार्टीमा जाने समेत बताए । 'पार्टीमा कोही पनि स्थायी हुँदैन । काँग्रेस र माओवादीले यो देशको कायापलट हुने गरी काम गरुन् म, त्यो हुन्छु मैले घोषणा गरे उनले भने ।' शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन र पूर्वधरको विकासमा स्थानीय स्रोत सधानको प्रयोग गरेर गर्नु पर्ने र जनताको जीवन स्तर माथि उठाउनु पर्नेमा उनको जोड् छ ।

## रामेछापमा बागको आक्रमणवाट शिव कार्की घाइते

रामेछाप । मिति २०७९ साल पौष १गते सांझ रामेछाप जिल्ला गोकुलगङ्गा गाउँपालिका वडानं-१ साङ्बाडाडा ढांडे भन्ने स्थानको जङ्गलमा बेलुका ५ बजे पत्कर सोर्न गएका शिवराम कार्कीलाई बाघले आक्रमण गरि सक्त घाइते बनाएको छ। उनलाइ तत्काल उदार पौष १ गते राती नै जिरी अस्पतालमा पुर्याइ उपचार गरिएको र आखामा गम्भीर समस्या देखिएको कारण काठमाडौ रिफर गरिको छ । अहिले उनलाइ तिलगंगा आखा अस्पतालमा ल्याउदै गरेको उहाका बुबा अनध्वज कार्किले जानकारी दिनुभएको हो । १६ बर्शिय कार्की कक्षा १० मा अध्ययनरत बिध्यार्थी हुन । रामेछापको गोकुलगङ्गा गाउपालिका वाडन १ गौरिशखर सरक्षित क्षेत्र भित्र पर्छ । त्यस क्षेत्रमा सरक्षित क्षेत्रको अनुमती बिना कुनै बन बुटा मस्न पाइदैन त्यसकारण पछिल्लो समय जङ्गल , बन्यजन्तु अत्याधिक बढन थालेका छन र बेला बेलामा यस्ता बन्यजन्तु आक्रमणबाट मानिसहरू घाइतेहुने गरेका छन् । स्मरणीय रहोस जसरी जङल र बन्यजन्तुको माया गौरी सखर सरक्षित क्षेत्रले गरेको छ त्यसै गरि ती आसपासमा बसोबास गर्ने मानवको पनि सरक्षण गर्ने दाइत्व सरक्षित क्षेत्रकै हो । यस्ता मानविय घटना हुन नदिन सम्बन्धित निकायको ध्यान पुगोस ।

# सानिमा बैंकको १८ औं साधारण सभा

सानिमा बैंक लिमिटेडले २०७९ पौष ३ गते आईतबारका दिन १८ औं वार्षिक साधारण सभा सफलतापूर्वक सम्पन्न गरेको छ।बैंकका अध्यक्ष तुक प्रसाद पौडेलको




अध्यक्षतामा भएको उक्त सभाले संचालक समितिले प्रस्ताव गरे अनुसार हालको चुक्ता पुँजीको १० प्रतिशत बोनस शेयर र ०.९८ प्रतिशत नगद लाभांश प्रदान गर्ने प्रस्ताव पारित गरेको छ ।

सर्वसाधारण समूहको तर्फबाट संचालक समितिमा आशुतोष उपाध्याय र रमेश कुमार पोखरेल १८ औं वार्षिक साधारण सभाबाट निर्वाचित हुनुभएको छ। आर्थिक बर्ष २०७८/७९ मा रु. २.०९ अर्ब खुद मुनाफा गरेको सानिमा बैंकको कुल सम्पत्ति रु. १९२.५१ अर्ब, कुल निक्षेप रु. १५८.८८ अर्ब तथा खुद कर्जा सापटी रु १४१.६९ अर्ब रहेको छ। आर्थिक वर्ष २०७७/७८ को तुलनामा निक्षेप, कर्जा सापटी र कुल सम्पत्तिमा क्रमश २१.३९, १५.०४ र १९.७५ प्रतिशतले वृद्धि गरेको छ।

# कामना सेवा विकास बैंकद्वारा एससीटी-युपीआई डेबिट कार्ड (SCT–UPI Debit Card) जारी

काठमाडौं । समय सापेक्ष ग्राहक महानुभावहरुको चाहना अनुसार नवीनतम प्रविधि मार्फत सेवाहरु प्रवाह गर्दै आएको कामना सेवा विकास बैंकले सर्वसुलभ तथा अत्याधुनिक बैकिङ सेवा पऱ्याउने उद्देश्यका साथ एससीटी-युपीआई डेबिट कार्ड (SCT–UPI Debit Card) सेवा शुभारम्भ गरेको छ ।

कामना सेवा विकास बैंक लि.
Kamana Sewa Bikas Bank Ltd.

बैंकले मिति २०७९ साल पौस ०१ गते शुक्रबारबाट औपचारिक रुपमा एससीटी-युपीआई डेबिट कार्ड (SCT–UPI Debit Card) सेवा सुचारु गरेको हो । बैंकका नायव महाप्रबन्धक लाल बहादुर थिङ्ग र स्मार्टच्वाइस टेक्नोलोजिज लिमिटेडका प्रमुख कार्यकारी अधिकृत नारायण प्रकाश भुजुज्यूले संयुक्त रुपमा एससीटी-युपीआई डेबिट कार्ड सेवाको अनावरण गरि सेवा शुभारम्भ गर्नु भएको थियो ।

कार्यक्रममा बैंकका प्रमुख सञ्चालन अधिकृत बिकाश ढुङ्गाना उच्च पदस्थ कर्मचारीहरूका साथै संचारकर्मीहरूको उपस्थिती रहेको थियो । यस पश्चात स्मार्टच्वाइस टेक्नोलोजिज लिमिटेड र कामना सेवा विकास बैंक लिमिटेडबीच एससीटी-युपीआई डेबिट कार्ड प्रयोगको क्षेत्रमा सहकार्य भएको छ। बैंकले आफ्ना ग्राहक महानुभावहरुलाई भुक्तानी कार्डको आधुनिक, सुरक्षित, गुणस्तरीय तथा भरपर्दो सुविधा प्रदान गर्न सहजता प्राप्त गर्ने छ। साथै, SCT सञ्जालको प्रयोगबाट ग्राहकले नेपाल तथा भारतभित्र ATM, एयक्प जस्ता सेवा सजिलै लिन सक्ने सुविधा प्राप्त हुने बैंकले जनाएको छ ।

# महालक्ष्मी विकास बैंकग्राहकहरुलाई विभिन्न संस्थाका सेवाहरुमा विशेष छुट

'सबल बैंक, सफल सहकार्य' को नारालाई आत्मसाथ गर्दै नेपाली जनताको घरदैलोमा विगत २८ वर्ष देखि अनवरत रुपले सरल, सहज र गुणस्तरिय




वित्तीय सेवा प्रदान गर्दै आईरहेको महालक्ष्मी विकास बैंक लिमिटेडले स्वास्थ्य क्षेत्रका संस्थासँग समन्वय गरी अगाडि बढ्ने अभिप्रायका साथ काठमाडौंमा अवस्थित दुई संस्थाहरु सँग सम्झौता गरेको छ ।

सम्झौता पश्चात महालक्ष्मी विकास बैंकका डेविट कार्ड तथा मोबाइल बैंकिङ्ग प्रयोग गर्ने ग्राहकहरुले उक्त संस्थाहरुका विभिन्न सेवाहरुमा विशेष छुट प्राप्त गर्न सक्नेछन्। बैंकका ग्राहकहरुले Tesla Diagnostic मा अधिकतम १०% र Drishti Eye Care मा अधिकतम २०% को आकर्षक छुट प्राप्त गर्न सक्नेछन् । यस किसिमको सहकार्यबाट बैंकका डेविट कार्ड तथा मोबाइल बैंकिङ्ग प्रयोग गर्ने ग्राहकहरु लाभान्वित हुने विश्वास बैंकले लिएको छ। यसका साथसाथै डिजिटल युगसँग नेपाली जनतालाई साक्षातकार गराउने उद्देश्यले बैकले विभिन्न शाखाहरुबाट वित्तीय जनचेतनामुलक कार्यक्रमहरु संचालन गर्दै आएको छ ।

# मुक्तिनाथविकास बैंक साफा विपिए अवार्डद्धारा सम्मानित

काठमाडौमा सम्पन्नदक्षिण एसियन फेडरेसन अफ एकाउन्टेन्ट्समा उत्कृष्ट प्रस्तुत वार्षिक अवार्डस २०२१, अन्तर्गत मुक्तिनाथविकास बैंकवित्तीयसेवाको तर्फ बाट योग्यताको प्रस्तुत प्रतिवेदनद्धारा सम्मानित भएको छ । दक्षिण एसियन फेडरेसन अफ एकाउन्टेन्ट्स (साफा) उत्कृष्ट प्रस्तुत वार्षिक अवार्डस विभिन्न विधाहरुमा प्रस्तुत गरेको थियो । दक्षिण एसियन देशहरु बाट प्रस्तुत गरिएकावार्षिक प्रतिवेदनहरु लाई उक्तकार्यका लागि गठन गरिएको सोही संस्थाको समितिले




मूल्याङ्कनको आधारमा छनोट गरेको हो । विधाहरुमा वित्तीय सेवाक्षेत्र मध्येबाट नेपाल बाट मुक्तिनाथविकास बैंकले यो सम्मान प्राप्त गरेको छ । नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाले यस बैंकको वार्षिक प्रतिवेदन मूल्यांकनको लागिदक्षिण एसियन फेडरेसन अफ एकाउन्टेन्ट्समा पठाएको हो । उक्तप्रमाणपत्रबैंकका प्रमुखकार्यकारी अधिकृत प्रद्युमनपोखरेलले ग्रहण गरेका थिए । वार्षिक प्रतिवेदन प्रस्तुतगरे बापतबैंकलाई दिईने उक्त सम्मानलाई अति प्रतिष्ठित सम्मानमा लिने गरिएको छ । यसरी अन्तराष्ट्रिय क्षेत्रमा समेत बैंक सम्मानितहुँदा बैंकमा कार्यरत कर्मचारीहरुलाई थपउर्जा मिल्ने बैंकले जानाएको छ । साथै, बैंकले डिजिटल कारोबारलाई प्रोत्साहन गर्न यस विकासबैंकको एटियम कार्ड प्रयोग गरी नेपालभरी रहेको भिसा नेटवर्कमा आवद्ध अन्यजुनसुकै बैंकको एटियम मेसिनबाट निशुल्क रकम झिक्न सकिने व्यवस्था गरेको छ। त्यसै गरी प्रिपेड डलर कार्ड , मोबाईल बैंकिङ्ग, क्यूआर कोड, अनलाईन कर्जा आवेदन, अनलाईन खाताखोल्ने, ईन्टरनेट बैंकिङ्ग, खाता मै रेमिट्यान्स जम्मातथा मिस्डकल बैंकिङ्ग (बचत सेवाको लागि: ९८०१११००२२, कर्जा सेवाको लागि: ९८०१११००२३)आदि जस्ता सेवाहरु बैंकको शाखामाभौतिक रुपमा उपस्थित नभई घरबाटै उपयोग गर्न सकिने व्यवस्था गरेको छ ।

# कृषि विकास बैंकको अध्यक्षमा दुवाडी

कृषि विकास बैंक सञ्चालक समितिको अध्यक्षमा रमेश दुवाडी नियुक्त भएका छन् । नवनियुक्त अध्यक्ष दुवाडी विभिन्न संघ/संस्थाको सञ्चालक समितिमा सदस्य रहेर काम गरेको अनुभव समेत रहेको छ। बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन अनुसार अध्यक्ष दुवाडीलाई नेपाल राष्ट्र बैंकका गर्भनर महाप्रसाद



अधिकारीले पद तथा गोपनियताको सपथ गराएका छन् । सो अवसरमा राष्ट्र बैंकका डिपुटी गर्भनर बमबहादुर मिश्र, बैंक नियमन विभागका कार्यकारी निर्देशक गुणाखर भट्ट, बैंक सुपरीवेक्षण विभागका कार्यकारी निर्देशक देवकुमार ढकाल, नेपाल राष्ट्र बैंकका बोर्ड सचिव मुक्तिप्रसाद सापकोटा, कृषि विकास बैंकका सञ्चालक समिति सदस्य डा.इन्दिरा मास्के श्रेष्ठ, विनोदकुमार गुरांगाई, बैंकका निमित्त प्रमुख कार्यकारी अधिकृत प्रताप सुवेदी, कम्पनी सचिव तथा प्रवक्ता हिमलाल पौडेल लगायत उपस्थित रहेका थिए ।

# प्राइम बैंकको सञ्चालकमा प्रा.डा. चित्रकार

प्राइम कमर्सियल बैंकको सञ्चालकमा प्रा.डा. तारा चित्रकार नियुक्त भएकी छन् । बैंक सञ्चालक समितिको ४५५ औं बैठकले उनलाई बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम स्वतन्त्र सञ्चालक पदमा नियुक्ति गर्ने निर्णय गरेको हो । चित्रकारले त्रिभुवन विश्वविद्यालय अन्तर्गत पब्लिक युथ क्याम्पसमा लामो समयदेखि व्यवस्थापन संकायमा रही बैंक तथा वित्तीय क्षेत्र, स्टक बजार, लेखा, विषयमा प्राध्यापन गरेकी थिइन् । उनका विभिन्न शोधमूलक




लेख रचना प्रकाशित छन् भने सामाजिक क्षेत्रमा समेत सक्रिय छिन् । बैंकले १ अर्ब ६६ करोड ९७ लाख ४ हजार ८९१ (प्रति सेयर ८.९५ प्रतिशतका दरले) लाभांश वितरण गर्ने निर्णय गरेको छ ।

# माछापुच्छे क्यापिटलको साधारणसभा सम्पन्न

माछापुच्छे क्यापिटलको तेश्रो वार्षिक साधारण सभा सम्पन्न भएको छ । सञ्चालक समितिका अध्यक्षबाट साधारण सभाबाट सञ्चालक समितिको वार्षिक प्रतिवेदन, आ.व. २०७८/०७९ को लेखापरीक्षकको प्रतिवेदन सहितको वित्तीय विवरण, आ.व. २०७९/०८० का लागि लेखापरीक्षकको नियुक्ती, स्वतन्त्र सञ्चालक नियुक्ती तथा नियमावलीमा गर्नुपर्ने आवश्यक संशोधनहरु पारित भएका छन् । कम्पनीको तेश्रो वार्षिक साधारण सभा सफलतापूर्वक सम्पन्न गर्न सक्रिय भूमिका निर्वाह गर्ने सेयरधनीप्रति कम्पनीले धन्यवाद दिएको छ। कम्पनीले आगामी दिनमा पुँजी बजारको विकासमा अझ बढि टेवा पुग्ने गरी कार्य गर्ने कम्पनीको भनाइ छ ।

## अर्थ संसार

# राष्ट्रिय वाणिज्य बैंकले पायो '3rd Best Managed Commercial Bank 2022' अवार्ड

राष्ट्रिय वाणिज्य बैंक लिमिटेडले काठमाडौंमा सम्पन्न भएको एशियन पेन्ट्स 'न्यू बिज बिजनेश कन्क्लेभ एण्ड अवार्ड' कार्यक्रममा 3rd Best Managed Commercial Bank Of The Year 2022 अवार्ड प्राप्त




गरेको छ। सो अवार्ड बैंकको तर्फबाट बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठले ग्रहण गर्नुभएको थियो ।

अर्थमन्त्री माननीय जनार्दन शर्माले उद्घान गर्नु भएको कार्यक्रममा नेपाल राष्ट्र बैंकका पहिलो गभर्नर हिमालयन शम्शेर राणालाई व्यवसायिक क्षेत्रमा पुऱ्याएको योगदानको कदर गर्दै लाइफ टाइम एचिभमेन्ट इन बिजनेश लिडरशिप अवार्ड प्रदान गरिएको थियो । सन् २०१३ देखि न्यू बिनेश एज प्रालिले व्यवसायिक संस्थाहरुको गरेको विभिन्न व्यवसायिक कार्य प्रगतीको आधारमा अवार्डस् प्रदान गर्दै आइरेको आयोजकले बताएको छ ।

कार्यक्रममा विभिन्न आठ विधामा अवार्ड प्रदान गरिएको थियो । बैंकको हाल सातै प्रदेश, ७७ जिल्लामा २६४ वटा शाखा कार्यालय, २६८ वटा एटिएम र ९९ वटा शाखा रहित बैंकिङ्ग सेवा रहेको छ। राष्ट्रिय वाणिज्य बैंक लिमिटेडले लोक सेवा आयोगबाट सञ्चालित लिखित परीक्षा तथा अन्तरवार्ताबाट प्रदेशगत रुपमा छनौट भएका दुई सय जना नवनियुक्त अधिकृतहरुलाई दश दिने पूर्व सेवाकालिन तालिम काठमाडौंमा सञ्चालन गरिरहेको छ। तालिमको उद्घाटन गर्दै बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठले बैंक रुपान्तरणको प्रक्रियामा रहेकाले प्रतिस्पर्धी बजारमा बैंकले लिएको रणनीति कार्यन्वयनमा यो ठुलो संख्याको जनशक्तिको भूमिका महत्वपूर्ण हुने बताउनुभयो । उहाँले विभिन्न प्रक्रिया पश्चात बैंकले एकपटक ठुलो संख्यामा युवा अधिकृतहरुलाई नियुक्ति दिएर बैंकिङ्ग क्षेत्र मार्फत देश र नागरिकको सेवा गर्ने अवसर प्रदान गरेको बताउनुभयो ।

उहाँले अरु छ सयभन्दा बढी सहायक स्तरका कर्मचारीहरुको भर्ना प्रक्रिया छिट्टै पूरा भएपछी बैंकको उत्पादकत्व बढ्ने बताउनुभयो । कार्यक्रममा प्रमुख कार्यकारी अधिकृत श्रेष्ठले नवनियुक्त सहायक प्रबन्धक, तह ६ र उपप्रबन्धक, तह ७ का जम्मा दुईसय जना अधिकृतहरुलाई बैंकको कर्मचारी सेवा विनियमावली बमोजिम शपथ गराउनु भएको थियो । कार्यक्रममा बैंकका नायब प्रमुख कार्यकारी अधिकृतहरु देवेन्द्ररमण खनाल, सरस्वती अधिकारी, मानव संशाधन विभागका विभागीय प्रमुख भीमप्रसाद घिमिरेले नवनियुक्त अधिकृत कर्मचारीहरुलाई बधाई तथा शुभकामना व्यक्त गर्नुभएको थियो । बैंकको हाल सातै प्रदेश, ७७ जिल्लामा २६४ वटा शाखा कार्यालय, २६८ वटा एटिएम र ९९ वटा शाखा रहित बैंकिङ्ग सेवा रहेको छ ।

# गरिमा विकास बैंकको oreign Employment IPO Account संचालनमा

नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको ईजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको गरिमा विकास बैंकले वैदेशिक रोजगारमा रहनुहुने नेपालीहरुलाई बैकिङ एवं शेयर मार्केट सम्म पहुँच पुऱ्याउने उद्धेश्यले ँयचभष्नल ज्ञउयिथभलत क्षएइ ब्अअयगलत को सुरुवात गरेको छ। नेपाल धितोपत्र बोर्डले जारी गरेको




निर्देशनानुसार प्राथमिक शेयर निष्कासन (आईपिओ) जारी गर्ने संस्थाले १०% शेयर वैदेशिक रोजगारमा रहनुहुने नेपालीहरुका लागि छुट्याउनु पर्ने व्यवस्था अनुसार त्यसलाई आवश्यक पर्ने सिआस्बा सुविधा दिनका लागि यस विकास बैंकले विशेषतः यो खाता संचालनमा ल्याएको हो । वैदेशिक रोजगारमा रहनुहुने नेपालीहरुले सजिलै यस विकास बैंकको आधिकारीक वेबसाईटमा उपलब्ध अनलाईन खाता खोल्न मिल्ने सुविधामार्फत यो खाता खोली डिम्याट, सिआस्बा र मेरो शेयरको सुविधा प्राप्त गर्न सक्नुहुनेछ । साथै, यस विकास बैंकमा पहिला नै बचत तथा अन्य खाता हुने ग्राहकहरुले पनि सजिलै यो खाता खोल्न मिल्ने व्यवस्था मिलाईएको छ । हाल, यस विकास बैंकले नेपालभर १२१ शाखा कार्यालय, ५१ एटिएम एवं विभिन्न डिजिटल बैकिङ सुविधाहरु जस्तैः डिजी बटुवा, डेविट/क्रेडिट कार्ड, ईन्टरनेट बैकिङ र अनलाईन खाता मार्फत सरल, सुरक्षीत तथा गुणस्तरीय सेवा प्रदान गर्दै आइरहेको छ ।

जन आकाश
Jana Aakash National Weekly
राष्ट्रिय साप्ताहिक



# प्रतिनिधित्व र नीतिको प्रश्न

विष्णुप्रसाद खनाल

देशमा संविधान, ऐन, कानुन, निर्देशिका, तथा कार्यविधिलगायतका कानुनी व्यवस्था भए तापनि कुनै पनि राज्य प्रभावकारी ढंगले सञ्चालन गर्न प्रभाकारी नीति आवश्यक पर्दछ। कार्यपालिका, व्यवस्थापिका र न्यायपालिका प्रभावकारी नीतिको अभावमा प्रभावहिन बन्ने गर्दछन्। हरेक देशमा आम निर्वाचन तथा मध्यवधि निर्वाचन हुने र सोही निर्वाचनमार्फत देशले नीति निर्माणको लागि प्रतिनिधि पाउने गर्दछ। नेपालको सन्दर्भमा स्थानीय तहको निर्वाचन २०७९ वैशाखमा, प्रदेश र प्रतिनिधिसभाको निर्वाचन यही मंसिर ४ गते सम्पन्न भएको छ भने अन्तिम नतिजासमेत सार्वजनिक भएको छ। प्रतिनिधिसभा तथा प्रदेशसभाको निर्वाचनको नतिजाअनुसार देशमा नेपाली कांग्रेस सबैभन्दा ठूलो दल बनेको छ भने नेपाल कम्युनिस्ट पार्टी (एमाले) दोस्रो, नेपाल कम्युनिस्ट पार्टी ( माओवादी केन्द्र) तेस्रो र राष्ट्रिय स्वतन्त्र पार्टी चौथो दल बनेका छन्।

निर्वाचन आयोगका अनुसार प्रतिनिधिसभाको प्रत्यक्षतर्फका १६५ सिटमध्ये नेपाली कांग्रेसले ५७ सिट, नेपाल कम्युनिस्ट पार्टी (एमाले)ले ४४ सिट, नेपाल कम्युनिस्ट पार्टी ( माओवादी केन्द्र)ले १८, नेपाल कम्युनिस्ट पार्टी (एकीकृत समाजवादी)ले १० सिट, जनता समाजवादी पार्टी, राष्ट्रिय प्रजातन्त्र पार्टी र राष्ट्रिय स्वतन्त्र पार्टीले सात/सात सिट प्राप्त गरेका छन् भने लोकतान्त्रिक समाजवादी पार्टीले ४, नागरिक उन्मुक्ति पार्टीले ३, र राष्ट्रिय जनमोर्चा, नेपाल मजदुर किसान पार्टी र जनमत पार्टीले एक/एक प्राप्त गरेका तथा ५ जना स्वतन्त्रसमेत निर्वाचित भएको अवस्था छ। समानुपातिकतर्फ नेपाल कम्युनिस्ट पार्टी (एमाले)ले ३४ सिट, नेपाली कांग्रेसले ३२ सिट, नेपाल कम्युनिस्ट पार्टी (माओवादी केन्द्र)ले १४ सिट, राष्ट्रिय स्वतन्त्र पार्टीले १३ सिट, राष्ट्रिय प्रजातन्त्र पार्टीले ७ सिट, जनमत पार्टीले ५ सिट र जनता समाजवादी पार्टीले ५ सिट प्राप्त गरेका छन्।

प्रतिनिधित्वको सवालमा प्रत्यक्षतर्फ महिलाको उपस्थिति एकदमै नगन्य रहे तापनि कानुनी व्यवस्थाअनुसार समानुपातिकमा भने दलले महिला समावेश गरेका छन्। प्रतिनिधिहरू कस्ता छनोट भए भन्ने कुराको नतिजा आगामी ५ वर्षमा देखिने, उनीहरूले बनाउने नीतिले देशलाई गति दिन सक्छ वा सक्दैन भन्ने कुरा हेर्न बाँकी नै छ। प्रतिनिधित्व आफैंमा सहभागितासँग जोडिएको विषय हो जसले देशले देशको विकासमा प्रभाव पार्ने गर्दछ। जब नीति निर्माण तहमा सबै क्षेत्रको प्रतिनिधित्व नीति बनाउने तहमा हुन्छ तब मात्र देशले प्रभावकारी नीति पाउन सक्छ। नीति तथा कार्यक्रमहरू कस्ता तर्जुमा हुने भन्ने सन्दर्भमा निर्वाचित तथा छनोट गरिएका प्रतिनिधिको बौद्धिकस्तरमा उनीहरूको क्षमता र योग्यतामा समेत भर पर्दछ। आज जुन देशमा प्रभावकारी नीति तर्जुमा तथा कार्यान्वयन भएका छन् त्यस्ता देशले अग्रगामी छलाङ मारेको देखिन्छ। नीति देश सञ्चालन गर्न मार्गदर्शकको रूपमा तर्जुमा गरिएमा र सुझबुझपूर्ण तबरबाट कार्यन्वयन गरिएमा मात्र त्यस्ता नीति प्रभावकारी हुन सक्छन्।

प्रतिनिधित्व र नीतिको सबालमा कुनै पनि देशको नीति कस्तो बन्ने भन्ने कुरा देशको विद्यमान कानुनी व्यवस्था, देशको भौगोलिक अवस्था, भाषा, धर्म, संस्कृति, चालचलन, जनसंख्या, राजनीतिक दलको अवस्था, शासन संयन्त्रको अवस्था, सामाजिक सांस्कृतिक अवस्था जस्ता आन्तरिक पक्षले निर्धारण गर्ने गर्दछन् भने देशको सीमना, अन्तर्राष्ट्रिय सम्बन्ध तथा संगठनमा भएको आबद्धतले समेत निर्धारण गर्दछ। प्रभावकारी नीतिको लागि देशमा थिङक टयांकको आवश्यक छ तर विडम्बनाका साथ भन्नुपर्छ नेपालमा न त कुनै थिङक ट्यांक छ न त राज्यका नीति नै प्रभावकारी छ। नीति परिषद् प्रभावहीन बनेका छन्। प्रतिनिधित्व कस्तो हुनुपर्छ र यसले कसरी नीतिसँग जोडिएर काम गर्दछ भन्ने सवालमा प्रतिनिधित्व र नीतिलाई फरक फरक ढंगले व्याख्या तथा विश्लेषण गरी प्रतिनिधित्व नीतिको अन्तर सम्बन्धलाई उजागर गर्नु आवश्यक छ।

केन्द्रीय तथ्यांक विभागका अनुसार नेपालमा १ सय २५ जातजाति छन्। नीति निर्माण तहमा ती सबै जातजातिको प्रतिनिधित्व हुन सकेको छैन त्यो सबैको सामु प्रस्ट छ। यहाँ त संविधान तथा ऐनमा गरिएको व्यवस्था अनुसार पनि प्रतिनिधित्व हुन नसक्दा नेपालको नीति निर्माणमा खडेरी परेको देखिन्छ। देश निर्माण गर्ने, विकास तथा आर्थिक उन्नतिको सवालमा, देशको अन्तर्राष्ट्रिय सम्बन्ध र सहयोगको सवालमा नीति तर्जुमा गर्दा दक्ष प्रतिनिधिको अभाव भएको नेपालमा तर्जुमा भएका नीतिको दूरगामी प्रभाव र कार्यान्वयन पक्ष हेर्दा स्पष्ट हुन्छ। सवाल सहभागिताको मात्रै होइन सवाल त त्यो समुदाय, लिंग, धर्म, जात, भाषा, संस्कृतिको आवाज नीति निर्माण तहमा पुग्यो वा पुगेन र नीतिमा सबै क्षेत्रको स्वामित्व छ वा छैन। त्यसमा प्रभावको अनुपातबाट स्पष्ट हुन्छ। देश आफैं बन्ने होइन जनप्रतिनिधको नेतृत्वमा बन्ने हो। यदि प्रतिनिधिको नियत नै खराब छ भने उनीहरूले बनाउने नीति प्रभावकारी हुन्छ भन सकिँदैन।

देशको समग्र विकासका लागि प्रतिनिधि छनोट गर्दा ती प्रतिनिधिले त्यस क्षेत्रको समस्यालाई बुझ्न सक्नुपर्दछ। अबको संघीय संसदमा प्रतिनिधिसभामा २ सय ७५ जना र राष्ट्रिय सभामा ५९ जनाको प्रतिनिधित्व रहन्छ त सांसदले प्रभावकारी भूमिका खेल्न सक्छन् वा सक्दैनन् त्यो त हेर्न बाँकी छ। विगतका सांसदका गतिविधिलाई नियाल्ने हो धेरैजसो सांसदको काम ताली मात्रै बझाउने र कहिलेकाहीं हो मा हो मिलाउन मात्र सीमित छ तर त्यो सांसदको भूमिका होइन।

हुन त एउटा महाअभियोग टुंग्याउन समेत वर्षौं लगाउने संसदवाट धेरै कुराको अपेक्षा गर्नुपर्ने स्थिति देखिँदैन। प्रतिनिधिको काम देशका आफ्नो क्षेत्रमा बजेट वा योजनाको तय गर्ने मात्रै पनि होइन। आफू निर्वाचित भएर आएको क्षेत्रको विकासको सन्दर्भमा, सामाजिक सांस्कृतिक परिवर्तन तथा रूपान्तरण, आर्थिक वृद्धि तथा विकासको क्षेत्रमा, शिक्षा, स्वाथ्य, रोजगार, व्यवसाय, महिला, जनजाति, आदिवासी, पछि पारिएका समुदायको पक्षमा, एवं पहुँच नपुगेका क्षेत्रहरूको विकास र व्यवस्थापनका लागि नीति निर्माण तहमा प्रभावकारी भूमिका निवार्ह गर्नु जरूरी छ। देश तब मात्र बन्छ जब देशमा सही प्रतिनिधि सही मार्गमा अगाडि बढ्न सक्छन् र देश तथा जनताप्रति उत्तरदायी बन्छन्। नेपालको प्रतिनिधिसभाको सन्दर्भमा नवनिर्वाचित तथा समानुपातिकबाट छनोटमा परेका प्रतिनिधिको अग्नि परीक्षा हो। देशमा अहिले संविधान बनाउनुपर्ने पनि छैन, राजतन्त्र फाल्नु पर्ने पनि छैन , प्रजातन्त्र ल्याउनुपर्ने वा पुनःसंरचना गर्नुपर्ने अवस्था पनि नभएकाले अबको मार्ग भनेको आर्थिक विकास र व्यवस्थित शासन व्यवस्था हो। देशमा भएका संरचनालाई चुस्त र दुरुस्त बनाउने जिम्मेवारी प्रतिनिधिको हो।

अर्कोतर्फ नीति राज्य सञ्चालनका लागि महत्वपूर्ण अंग र नीतिकै आधारमा देश चल्ने भएको कारण प्रभावकारी नीतिको तर्जुमा आवश्यक छ जसमा दीर्घकालीन सोचका साथ सबै अटाउन सक्नु पर्दछ। नेपाल बृहत कानुनी व्यवस्थाको रूपमा मुलुकी ऐन जारी भएको थियो भने त्यसपछि २००४ सालमा वैधानिक कानुन, २००७ मा संविधान, नेपालको सविधान २०१५, नेपालको संविधान २०१९, नेपालको संविधान २०४७, अन्तरिम संविधान २०६३ र नेपालको संविधान २०७२ गरी संवैधानिक विकास भएको र उल्लेखित संविधान तथा कानुनको आधारमा ऐन, नियमावली, नीति नियम, निर्देशिका, आदेश र कार्यविधि तर्जुमा भई लागू भएको पाइन्छ। नेपाल कानुन आयोगको तथ्यांक अनुसार नेपालमा हाल ३ सय ५२ ऐन तथ अन्य नीति तथा कानुन अस्तित्वमा अर्थात् कार्यान्वयनमा रहेका छन्। नेपालको नीतिहरू अदूरदर्शी छन् र त्यसलाई समयसापेक्ष परिमार्जन गनुपर्छ भन्ने आवाजहरू उठन थालेका छन्। देश विकास तथा व्यवस्थापनको सम्बन्धमा, सेवाप्रवाहको सम्बन्धमा समय, परिस्थिति र देशसापेक्ष नीतिको तर्जुमा गर्नु आवश्यक छ। देश संघीयतामा प्रवेश गरेसँगै देशमा स्थानीय तहमा र प्रदेशको लागि समेत आवश्यक नीति तथ ऐनकानुन बन्न सकेका छैनन्। विगतका घटनाक्रमलाई हेर्ने हो भने देशमा पटक पटक संसद विघटन भएको छ भने अनावश्यक विषयमा छलफल समेत हुने तर आवश्यक विषयमा छलफल नहुने गरेको छ। संसदमा विभिन्न राजनीतिक दलले गर्ने अवरोध र नाराबाजीका कारणले गर्दा देश संघीयतामा प्रवेश गरेको ७ वर्ष भए पनि आवश्यक ऐन कानुनको निर्माण हुन सकेको छैन। राजनीतिक अस्थिरताका कारण देशमा देशले गति लिन पनि सकेको छैन भने भएका विद्यमान कानुनी व्यवस्था, ऐन, नीतिनियम पूर्णरूपमा कार्यान्वयन हुन सकेको छैन। देशमा भइरहेको कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकाबीच टकराबले कानुन प्रभावकारी बन्न सकेका छैनन्। देशको जनसंख्या ३ करोड पुग्दै गर्दा संसदमा हरेकपटक पुरानै प्रतिनिधि दोहोरिने तथा त्यस खालका प्रतिनिधिको काम कारबाही प्रभावकारी नहुँदा देशले गति पाउन सकेको छैन। सिद्धान्त तथा विचारहीन राजनीति एवं आफ्नो सत्ता स्वार्थका लागि नीतिको तर्जुमा गर्नाले देशको समग्र पक्षको प्रतिनिधित्व गर्न नसकेको अवस्था छ।

नेपालमा नीतिहरू खासगरी सार्वजनिक निजी साझेदारी नीति, विकास सहायता नीति, आपूर्ति नीति, विदेशी लगनी नीति, औद्योगिक नीति, राष्ट्रिय बौद्धिक सम्पति नीति, जलविद्युत् विकास नीति, राष्ट्रिय कृषि नीति, कृषि व्यवसाय प्रर्वद्धन नीति, कृषि जैविक विविधता नीति, राष्ट्रिय चिया नीति, राष्ट्रिय कफी नीति, राष्ट्रिय बिउबिजन नीति, राष्ट्रिय मल नीति, खर्क नीति पुष्प प्रर्वद्धन नीति, कृषि यन्त्रीकरण प्रर्वद्धन नीति, मौरी प्रर्वद्धन नीति, ग्रामीण खानेपानी आपूर्ति तथा सरसफाइसम्बन्धी राष्ट्रिय नीति, सहरी खानेपानी तथा सरसफाइ नीति, लागूऔषध नियन्त्रण राष्ट्रिय नीति, राष्ट्रिय जनसंख्या नीति, ग्रामीण ऊर्जा नीति, नवीकरण ऊर्जा अनुदान नीति, जलवायु परिवर्तन नीति, परराष्ट्र सेवाका कर्मचारीका लागि तालिम नीति, दुग्ध विकास नीति, पंछीपालन नीति, राष्ट्रिय भूउपयोग नीति, वातावरणसम्बन्धी सवारी तथा यातायात नीति, राष्ट्रिय यातायात नीति, बालबालिकासम्बन्धी राष्ट्रिय नीति, अपांगतासम्बन्धी राष्ट्रिय नीति तथा कार्ययोजना, राष्ट्रिय युवा नीति, राष्ट्रिय खेलकुद नीति, राष्ट्रिय सुरक्षा नीति, वन नीति, राष्ट्रिय सीमसार नीति, जडिबुटी एवं गैरकाष्ठ वन पैदावार विकास नीति, घरपालुवा हात्ती व्यवस्थापन नीति, वाणिज्य नीति, राष्ट्रिय परमाणु नीति जस्ता नीतिलाई समयसापेक्ष परिमार्जन गर्दै लैजानुपर्ने आवश्यकता छ।

त्यसैगरी, जैविक प्रविधि नीति, विज्ञान तथा प्रविधि नीति, आन्तरिक रूपमा विस्थापित व्यक्तिसम्बन्धी राष्ट्रिय नीति, अनौपचारिक शिक्षा नीति, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम सीप विकाससम्बन्धी नीति, उच्च शिक्षा नीति, शैक्षिक जनशक्ति विकास केन्द्र तालिम नीति, विशेष शिक्षा नीति, प्राविधिक तथा व्यावसायिक शिक्षा तथा तालिम नीति, निजी लगानीमा सञ्चालन गरिने विद्यालय तथा विश्वविद्यालय सम्बन्धि नीति, अपांगता भएका व्यक्तिका लागि समावेशी शिक्षा नीति, राष्ट्रिय रोजगार नीति, वैदेशिक रोजगार नीति, लैंगिक समानता तथा सामाजिक समावेशीकरण नीति, स्थानीय पूर्वाधार विकास नीति, पर्यटन नीति, हवाई नीति, राष्ट्रिय संस्कृति नीति, राष्ट्रिय सहकारी नीति, राष्ट्रिय सहरी नीति, राष्ट्रिय आवास नीति, फोहोरमैला व्यवस्थापन राष्ट्रिय नीति, निजामती कर्मचारी राष्ट्रिय तालिम नीति, सिंचाइ नीति, जल उत्पन्न प्रकोप व्यवस्थापन नीति, ब्रोडब्यान्ड नीति, सूचना तथा सञ्चार प्रविधि नीति, दूरसञ्चार सेवाको रेडियो फ्रिक्वेन्सी नीति, दूरसञ्चार नीति, राष्ट्रिय चलचित्र नीति, सूचना तथा सञ्चार क्षेत्रको दीर्घकालीन नीति, आमसञ्चार नीति, विज्ञापनरहित नीति, मानसिक स्वाथ्यसम्बन्धी राष्ट्रिय नीति, राष्ट्रिय आयुर्वेद स्वाथ्य नीति, सहरी स्वाथ्य नीति, राष्ट्रिय स्वाथ्य नीति, राष्ट्रिय औषधी नीति, राष्ट्रिय स्वाथ्य सञ्चार नीति, गुणस्तरीय स्वाथ्य सेवासम्बन्धी नीति, राष्ट्रिय स्वाथ्य प्रयोगशाला नीति, राष्ट्रिय पोषण नीति, एम्बुलेन्स सेवा सञ्चालन नीति, राष्ट्रिय मुख स्वाथ्य नीति, राष्ट्रिय स्वाथ्य बिमा नीति, राष्ट्रिय रक्त सञ्चार नीति जस्ता नीतिलाई समयअनुसार परिमार्जन गर्ने दायित्व प्रतिनिधिको हो। तसर्थ प्रतिनिधित्व र नीति एक सिक्काका दुई पाटा हुन र हुनुपर्छ। राजधानी दैनिक

## तारकेश्वरको प्रशासकीय भवन निर्माण सुरु

त्रिशूली। नुवाकोटको तारकेश्वर गाउँपालिकाको नयाँ भवनको निर्माण थालिएको छ। तारकेश्वर १ रयलछापस्थित भवनको आइतबार सांसद अर्जुननरसिंह केसीले शिलान्यास गर्दै पालिकाको भवन निर्माणसँगै जनताको सेवा प्रवाहमा सहजता ल्याउनुपर्छ भन्नुभयो। “नयाँ भवन निर्माण हुँदैमा लक्ष्यअनुसार काममा सफलता प्राप्त गन सकिँदैन।” उहाँले भन्नुभयो, “ जनताको सेवा प्रवाहमा जनप्रतिनिधि, कर्मचारी, राजनीतिक दलसहित सरोकार राख्ने सबै पक्षबीच कार्यगत एकता र लोकतन्त्रको अभ्यासमार्फत जनतालाई सेवा पुऱ्याउनुपर्छ।” उहाँले पूरा हुन बाँकी रहेको विदुर नगरपालिका ३ बाट तारकेश्वर हुँदै धादिङ जोड्ने सडक सम्पन्न गर्न, तारुकाघाटमा नयाँ पक्कि पुल निर्माण गर्न, तारुकाको गोरु जुधाउने प्रतियोगितालाई खेल पर्यटनको रुपमा विकास गर्नतर्फ प्राथमिकता दिने प्रतिबद्धता जनाउनुभयो। नयाँ निर्माण गरिने भवनले पूर्वाधार विकाससहित पालिकाभित्रका सडक, खानेपानी, शिक्षा, स्वास्थ्यलगायतमा सुधारतर्फ संयोजनक गर्न सकिने लक्ष्य राखिएको गाउँपालिकाको अध्यक्ष शिव अधिकारीको भनाइ छ। रु छ करोड ४२ लाखमा ठेक्का लगाइएको भवन सम्पन्न भएसँगै पालिकाको अध्यक्ष, उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृतको कार्यकक्षसहित विभिन्न विषयगत शाखाको सेवा एकै भवनबाट प्रवाह गराउन सकिने प्रमुख प्रशासकीय अधिकृत राजु अधिकारीले बाँकी ६ पृष्ठमा

# खेलकुद

## राष्ट्रिय क्रिकेट टिमका मुख्य प्रशिक्षक प्रभाकरले दिए राजीनामा

काठमाण्डौ। राष्ट्रिय पुरुष क्रिकेट टिमको निराशाजनक प्रदर्शनपछि मुख्य प्रशिक्षक मनोज प्रभाकरले पदबाट राजीनामा दिएका छन्। प्रभाकरले बिहीवारदेखि लागू हुने गरि राजीनामा दिएका नेपाल क्रिकेट सङ्घ (क्यान) ले जनाएको छ। नामिबिया भ्रमण सकेर उतैबाट भारत प्रस्थान गरेका मुख्य प्रशिक्षकले दिएको राजीनामा स्वीकृत भएको क्यानले जनाएको छ। प्रभाकरको प्रशिक्षणमा नेपालले भर्खरै नामिबियमा सम्पन्न आईसीसी विश्व कप क्रिकेट लिग-२ का चार खेलमध्ये तीन खेल हारेको थियो। नेपालले नामिबियासँग एक र स्कटल्यान्डसँग दुई खेल हारेको थियो भने नामिबियासँगको अर्को खेल वर्षाका कारण खेल रद्द भएको थियो। यो हारपछि नेपालको शीर्ष तीनमा रहने सम्भावना अन्त्य भएको थियो। सात देशमध्ये २४ खेलमा मात्र १८ अङ्क जोडेको नेपाल छैटौं स्थानमा छ। शीर्ष स्थानको स्कटल्यान्डको ३२ खेलमा ४६ अङ्क छ भने दोस्रो स्थानको ओमानको ३६ खेलमा ४४ अङ्क छ। त्यस्तै तेस्रो स्थानको नामिबियाको ३० खेलमा ३७, चौथो स्थानको अमेरिकाको ३६ खेलमा ३५ र पाँचौं स्थानको यूएईको २६ खेलमा २७ अङ्क छ। सातौं स्थानको पपुवा न्युगिनीको २८ खेलमा पाँच अङ्क छ। प्रभाकरको प्रशिक्षणमा नेपालले सेप्टेम्बर-अक्टोबरमा केन्यासँगको टी-२० र एकदिवसीय क्रिकेट शृङ्खला जितेको थियो। त्यस्तै गएको महिना घरेलु मैदानमा सम्पन्न यूएईसँगको एकदिवसीय शृङ्खला पनि नेपालले जितेको थियो। पछिल्लो समय प्रभाकर र राष्ट्रिय टिमका खेलाडीको सम्बन्धसमेत बिग्रिएको थियो। जसको कारण प्रभाकरको राजीनामा आएको कतिपयले अनुमान लगाएका छन्। तत्कालीन मुख्य प्रशिक्षक पुबुदु दासानायकेले राजीनामा दिएपछि गएको साउनमा क्यानले एक वर्षको सम्झौता गर्दै प्रभाकरलाई नियुक्त गरेको थियो। तर सम्झौताअघि नै प्रभाकरले मुख्य प्रशिक्षकबाट राजीनामा दिएका हुन्।

## अर्जेन्टिनालाई विश्वकपको उपाधि

काठमाडौं। अर्जेन्टिनाले ३६ वर्षपछि विश्वकप फुटबलको उपाधि जितेको छ। कतारको लुसेल स्टेडियममा भएको रोमाञ्चक नाटकीय खेलमा फ्रान्सलाई टाइब्रेकरमा ४-२ ले हराउँदै अर्जेन्टिनाले विश्वकप उपाधि उचालेको हो। यसअघि सन् १९७८ र १९८६ को विश्वकप जितेको अर्जेन्टिनाको यो तेश्रो उपाधि हो र उसले ३६ वर्षपछि विश्वकप उपाधि उचालेको हो। टाइब्रेकरमा पहिलो पेनाल्टी फ्रान्सका केलियन एम्बाप्पेले गोलमा परिणत गरे। त्यसपछि अर्जेन्टिनाका लियोनेल मेस्सीले गोल गरे। तर फ्रान्सका लागि दोस्रो पेनाल्टी हानेका किङ्स्ले कोमानको प्रहार अर्जेन्टिनी किपरले रोके। अर्जेन्टिनाको दोस्रो पेनाल्टी पाउलो डिबालाले गोलमा परिणत गरे। २-१ ले पछि परेको फ्रान्सको तेस्रो पेनाल्टी अउरेलियनले बाहिर प्रहार गरे। अर्जेन्टिनाका लागि तेस्रो



पेनाल्टीमा लियोनार्दो पारडेसले गोल गर्दै टाइब्रेकरलाई ३-१ मा पुऱ्याए। फ्रान्सको चौथो पेनाल्टी राण्डानल कोलोमुनीले गोल गरे पनि अर्जेन्टिनाका लागि चौथो पेनाल्टीलाई गोञ्जालो मोन्टेलले जाली चुमाए। यसअघि खेलमा अर्जेन्टिनाले २ पटक लिएको अग्रता जोगाउन नसक्दा खेल टाइब्रेकरमा पुगेको थियो। ८० मिनेटसम्म अर्जेन्टिनाले २-० को अग्रता बनाएको थियो। लियोनेल मेस्सीले २३ औं मिनेटमा पेनाल्टीमार्फत गोल गर्दै टिमलाई अग्रता दिलाएका थिए। ३६ औं मिनेटमा डिमारियाले अर्जेन्टिनाको अग्रता दोब्बर पारे। पहिलो हाफमा निरस खेल प्रदर्शन गरेको फ्रान्स दोस्रो हाफमा खेलमा फर्कियो। तर फ्रान्सले गोल गर्ने ८० औं मिनेटसम्म कुर्न पऱ्यो। ८० औं मिनेटमा पेनाल्टीमा गोल गरेका केलियन एम्बाप्पेले त्यसको ९० सेकेन्डभित्र अर्को गोल गरेर खेल बराबरी गरे। निर्धारित ९० मिनेटमा दुवै टिमबाट २-२ गोल भएपछि खेल अतिरिक्त समयमा धकेलियो। १०८ औं मिनेटमा मेसीले दोस्रो गोल गरेर टिमलाई फेरि अग्रता दिलाए। तर फ्रान्सले ११८ औं मिनेटमा अर्को पेनाल्टी पायो। जसलाई युवा स्टार एम्बाप्पेले खेर जान दिएनन्। उनले विश्वकप फाइनलमा ह्याट्रिक पूरा गरे पनि उनको टिम टाइब्रेकरमा चुक्यो र लगातार दोस्रो पटक विश्वकप जित्ने सपना पूरा हुन पाएन।

## नेपाल टी-२० लिग : हुसेन तलत विराटनगर सुपर किंग्समा अनुबन्ध

विराटनगर सुपर किंग्सले नेपाल टी-२० लिगका लागि पाकिस्तानी खेलाडी हुसेन तलतलाई अनुबन्ध गरेको छ। विराटनगरले तलतलाई विदेशी खेलाडीको कोटामा अनुबन्ध गरेको हो। बायाँ हाते ब्याटर तलतले पाकिस्तानको राष्ट्रिय टिमबाट खेलिसकेका छन्। उनले एक ओडीआई र र १८ टी-२० अन्तर्राष्ट्रिय खेल खेलेका छन्। उनले १८ टी-२० अन्तर्राष्ट्रियमा दुई अर्धशतक मद्दतमा ३९४ रन बनाएका छन्। उनको उच्च स्कोर ६३ हो। यस्तै उनले टी-२० अन्तर्राष्ट्रियमा ४ विकेट समेत लिएका छन्। विराटनगरका मालिक आर के गुप्ताले तलतलाई अनुबन्ध गर्न पाउँदा खुशी लागेको बताए। ‘उनले खेलमा ब्याट वा बल दुवैमा प्रभाव पार्न सक्छन्। जसले उनलाई हाम्रो लागि महत्वपूर्ण सम्पत्ति महत्वपूर्ण।’ राष्ट्रिय टिमका कप्तान रोहित पौडेल मार्की प्लेअर रहेको विराटनगरमा अर्जुन साउद, नन्दन यादव, विवेक यादव, शाहब बलम लगायत खेलाडी छन्। यस्तै नारायण जोशी, सूर्य तामाङ, अमर सिंह र ाउटेला, प्रदिप ऐरी, पृथु बास्कोटा र रिजन ढकाल पनि टिममा छन्। विर ाटनगरले लुम्बिनी अल स्टार्ससँग डिसेम्बर २४ मा खेल्दै प्रतियोगिता सुरुवात गर्नेछ। नेपाल टी-२० लिग डिसेम्बर २३ देखि सुरु हुँदैछ।

# नाट्य म्युजिक अवार्डका पाँच उत्कृष्ट सार्वजनिक




काठमाडौं, नाट्यश्वर म्युजिक अवार्डको तेस्रो संस्करणका उत्कृष्ट पाँच सार्वजनिक गरिएको छ । विगत दुई संस्करण भव्य र सभ्य रुपमा विशेष समारोहबीच सम्पन्न भएको अवार्डको तेस्रो संस्करणका उत्कृष्ट पाँच सार्वजनिक गरिएको हो । अवार्डमा वि.सं २०७७ असार देखि ०७९ असार मसान्तसम्मका गीतबाट आवेदन दिएका गीत मध्ये उत्कृष्ट पाँच सार्वजनिक गरिएको कार्यक्रम निर्देशक किरण अधिकारीले जानकारी दिनुभयो । 'नाट्यश्वर भगवान हामी सबै कलाकारको शान, कला कालाकारिताको जर्गेना गर्ने हाम्रो अभियान' भन्ने मूल नाराका साथ सुरु भएको यो अवार्ड नेपालमा भइरहेका म्युजिक अवार्ड मध्ये छुट्टै इतिहास बोकेको अध्यक्ष प्रलाद केसी बताउनुहुन्छ । नाट्यश्वर कला केन्द्र तथा इभेन्ट म्यनेजमेन्टले आयोजना गरिरहको अवार्ड स्थापना कालमा बागमती प्रदेश स्तरिय भनिए पनि स्रष्टा सर्जकहरूको अनुरोधमा पहिलो अवार्ड नै राष्ट्रिय स्तरमा सम्पन्न गर्न सफल भएका थियो । अवार्डको पहिलो संस्करणमा गणतन्त्र नेपालको प्रथम राष्ट्रपति डा. रामवरण यादवको प्रमुख आतिथ्यतामा सम्पन्न भएको थियो भने दोस्रो संस्करण नेपाली कांग्रेसका वरिष्ठ नेता तथा केन्द्रीय सदस्य अर्जुननरसिंह केसीको प्रमुख आतिथ्यतामा सम्पन्न भएको थियो ।

पहिलो र दोस्रो अवार्ड सम्पन्न भएको केही वर्ष विशेष परिस्थिति तथा कोरोना भाइरस (कोभिड) को संक्रमणका कारण एवम् आयोजक समितिका कार्यक्रम निर्देशक अधिकारीको स्वास्थ्यमा आएको गम्भिर समस्याका कारण निर्धारित समयमा तेस्रो संस्करण गर्न नसकेको र यतिबेला नयाँ संस्करणको पूर्ण तयारी भएको आयोजकले जनाएको छ । उत्कृष्ट पाँचमा पर्न सफल हुनुभएका स्रष्टारसर्जकलाई केही दिनमा प्रमाणपत्र वितरण र अवार्ड फाइनल इभेन्टको मिति तय गर्ने कार्यक्रम निर्देशक अधिकारीले जानकारी दिनुभयो । अवार्ड समारोह देशकै विशिष्ट व्यक्तित्वको प्रमुख अतिथ्यतामा सम्पन्न गरिने र गीत संगीत क्षेत्रका मुधर्न्य स्रष्टालाई दीर्घ साधना विशेष सम्मान र कला क्षेत्रमा कलम चालउने पत्रकारलाई सम्मान गरिने आयोजकले जनाएको छ ।

यस्तो छ उत्कृष्ट पाँच तेस्रो नाट्यश्वर म्युजिक अवार्ड २०७९

१। राष्ट्रिय भावको गीत
१। उत्तम के.सी. नझुकुन् हाम्रा शिरहरू
२। डा. नबि अधिकारी खोजी रहेछ देशले
३। प्रेमप्रसाद राजभण्डारी स् लाहुर जाने
४। मेख बा. गुरुङ प्यारो लमजुङ
५। सोनिया डि.सी. मेरो देशको हालत

२। मौलिक थाली नाच
१। तुलमती पुन मगर
२। विष्णु जुगजाली मगर
३। एलिजा पुर्जा पुनमगर
४। विष्णु दगामी पुनमगर
५। विष्णु जुगजाली पुनमगर

**३. तामाङ सेलो गायकरगायिका**
१। करण तमाङ नाम्सा धिम
२। रोजन तामाङ कहाँको मैच्याङ
३। पूजा तामाङ झ्याल्ल पर्दा
४। प्रेम माया तामाङ डोल्मो
५। जनक लामा ल्होछार जुहारी

**४. तामाङ सेलो मोडल महिलारपुरुष**
१। सोनी तामाङ छम छम ३
२। सुस्मिता तामाङ खरछमी
३। ध्रुवसिंह तामाङ ठेकीको मोही मिठो
४। श्याममाया गुरुङ गुराँस फूल्यो
५। सरिता रानामगर ठेकीको मोही मिठो

**५. देउडा गीत गायक**
१। धोज महरा नम्बरी खेलाडी
२। सूर्य बिरही साउद मेरा गाउँका जाल्ली
३। भुवन दाहाल रानतोलीको शेरो
४। टंक तिमल्सीना गाउँको माया
५। मायालुबहादुर टमाटा चिनारी

**६. देउडा गीत गायिका**
१। गौरी भट्ट मेरा गाउँ जाल्ली
२। रेखा जोशी आमाको माया
३। शोभा थापा एक वचन बोली जा
४। पुष्पा बोहोरा चना पकौडी
५। पानसरा थापा नम्बरी खेलाडी

**७. गजल**
१। धनेन्द्र ओझा परे म मर्छु झोकले
२। सुप्रिया खनाल लुछ्यो पापीले
३। थानेश्वर गौतम टिपिक्कै चोलीको तुना
४। सरिता सापकोटा तिम्रो तस्विर
५। डब्बु क्षत्री तिम्रो याद

**८. भजन**
१। हरि उप्रेती यो मेरो शिर झुकाउँछु
२। सुन्दर पन्थ भोले बाबा
३। शैलेन्द्र मुडभरी प्रणाम गरौँ
४। तृप्ती खड्का लक्ष्मी बन्दना
५। रेशम सापकोटा पछुतो

**९. लोकदोहोरी काठे गायक**
१। गोविन्द घोरासैनी कुटुली
२। सानु के.सी. जान्न नजर दाँया र बायाँमा
३। मदन थापा झोलुङ्गे पूल त्रिशुली खोलामा
४। राम स्याङतान निरमाया
५। उद्धव कार्की फूलको माया

**१०. लोकदोहोरी काठे गायिका**
१। गीतादेवी निष्ठुरीलाई छड्के सलाम
२। शारदा रसाईली कुटुली
३। शर्मिला श्रेष्ठ उस्तै लुगा
४। प्रतिमा अर्याल सेतो सेतो कमेरो माटो
५। सावित्री श्रेष्ठ पवित्र माया

**११. लोकदोहोरी काठे मोडल (पुरुष)**
१। भुवान चौलागाई स् बस्यो माया
२। प्रकाश तामाङ (राज) वैश जोवन
३। राज मगर डोको डालो
४। दिनेश तामाङ घर जल्यो खरानी
५। जीवन कार्की कमेरो माटो

**१२. लोकदोहोरी काठे मोडल (महिला)**
१। आयुस्मा कार्की रुमाल खल्तीमा
२। अनिता बस्नेत ओई लुरे
३। रुविना अधिकारी वैश जोवन २
४। अनु पराजुली कमेरो माटो
५। रेश्मा के.सी.पिरती लाम भन्छे मलाई

**१३. लोकदोहोरी काठे नव प्रतिभा**
१। शुदर्सन अधिकारी (गायक) बोलन माया
२। लक्ष्मी दर्नाल (गायिका) बस्यो माया
३। सिम्रन दुलाल (मोडल) स् फूल फूल्यो अमला
४। प्रमिला मगर (मोडल) पौसा र माया
५। परमेश्वर दाहाल (मोडल)उस्तै लुगा

**१४. लोकदोहोरी काठे गीत संगीतसंयोजक**
१। नारायण दंगाल कुटुली
२। विष्णु तामाङ झोलुङ्गे पुल
३। नरेन्द्र वियोगी उस्तै लुगा
४। आर के मिलन निरकमला
५। कृष्ण विक पानी मुनी लेउ

**१५. लोकदोहोरी गायक**
१। खुमन अधिकारी मलाई नगर हेला
२। नवराज ढुङ्गाना अंगालोमा अर्की
३। चिरञ्जीवी भण्डारी बच्चाकी आमा
४। युवराज मगर गोरखपुर रेलैमा
५। राजेन्द्र कंडेल पागल

**१६। लोकदोहोरी गायिका**
१। सम्झना लामिछाने मगर मौरी झुनु
२। रमिला न्यौपाने मलाई हेला नगर
३। सुनितामी परियार अभागी म हुँ
४। देवकी केसी नयाँ गलबन्दी
५। पूर्णकला विसी माइली

**१७। लोकदोहोरी मोडल पुरुष अभिनय**
१। अभिषेक खड्का मलाई हेला नगर
२। भिम खड्का निरीमायाको
३। गौतम खती लमजुङ मेरो घर
४। आशिर प्रताम जंग राणा रुँदै रुँदै
५। कृष्ण सापकोटा भन्छौ तिमि त

**१८। लोकदोहोरी मोडल महिला अभिनय**
१। सरस्वती खत्री नुनको भारी
२। सगुन साही ढुंगा जस्तो मन
३। टीका जैशी छोरीको बेलना
४। सारिका केसी यत्ती सोन्न मन छ
५। शाया भण्डारी माया भनिन्छ

**१९। लोकदोहोरी मोडल पुरुष नृत्य**
१। काजिस श्रेष्ठ करेली तितो
२। धुर्व हिमाली काँटी सलाई
३। लोमस शर्मा ढुंगेधारा
४। दुर्गेश थापा हुकुमको एक्का
५। सरोज राना प्रजा स् मेरो माया बसेको ठाउँमा

**२०. लोकदोहोरी मोडल महिला नृत्य**
१। प्रशंसा परी मन परेको जुत्ता
२। करिष्मा परियार भरै लाएन
३। रिना थापा छ्याली चुड्का
४। विना रावत मेरो माया बसेको गाउँमा
५। विष्णु दगामी मगर स् गोरखपुर रेलैमा

**२१. लोकदोहोरी नव गायक**
१। कृष्ण विसी ऐना झ्यालैमा
२। केशव रिजाल लाममाया हितैका
३। मोहन परियार सलल पानी
४। श्याम सुन्दा कसपाल कर्के नजर
५। दामोदर भण्डारी छुर्पि चौरीगाई

**२२। लोकदोहोरी नव गायिका**
१। अश्मिता डल्लाकोटी लाम माया हितैको
२। निरा छन्त्याल आई लभ यु
३। रिया घले बारदलीमा गम्छा
४। रेलिमाई गुरुङ हाम्रो माया
५। मनिसा लामिछाने स् जल जला

**२३। लोकदोहोरी नृत्य निर्देशक**
१। शिशिर बुढाथोकी घुम्नजाँउ
२। दिपेन्द्र तिमल्सीना झुम्के साँझ
३। मौसम हिमाली घर कताहो
४। प्रविण थापा बाँसको काम्रो
५। माधव श्रेष्ठ सिरक सिरानी

**२४. लोकदोहोरी भिडियो निर्देशक**
१। राजिव मलामी आमाको माया
२। होम धिताल देशको शिमा
३। विनोद सुन्दास आफैँ रुनुपर्ने
४। निरेन श्रेष्ठ डाडामाथि घर
५। मिलन श्रेष्ठ गन गन २

**२५. लोकदोहोरी भिडियो सम्पादक**
१। पदम सुवेदी नुनको भारी
२। मनोज कार्की ए मेरो राजा
३। रोशन धिताल पछुतो
४। शक्ती प्रजा भयो हतार
५। सुजन कोइराला ए ठुली

**२६. लोकदोहोरी छायाँकार**
१। नवराज उप्रेती रुमाल साट्न पर्दैन
२। सन्तोष तिमल्सीना रोयो देश
३। राजेश घिमिरे माइली
४। करण चैसिर नन्दनी
५। राम केसी तनहुँ जामुने

**२७. लोकदोहोरी शब्द**
१। शिव हमाल झुम्का झलक्कै
२। केशव पौडेल उही खोलिको पानी(२
३। सुनिल मगर बाटोमुनीको फूल
४। अनिल खनाल बच्चाकी आमा
५। कमल सरगम माया गरौंला

**२८. लोकदोहोरी लय**
१। खेम पुन उही खोलीको पानी(२
२। खेम सेन्चुरी रुमाल साट्न पर्दैन
३। शिव अखेली ढुंगेधारा
४। अभि बाबु रोकाय काँटी सलाईको
५। रमेश परियार माया माकुरी

**२९. लोकदोहोरी आधुनिकरसङ्गीत संयोजक**
१। यमबहादुर थापा दोहोरो मादल
२। डोलराज बाह्रघरे धुरु धुरु रोएर
३। साहस शाक्य हेरेर तिमीलाई
४। विश्वार नेपाल शनिसार
५। कमल सौराग त्यति सोध्य मन छ

**३०. आधुनिक गीत गायक**
१। निमा शेर्पा रेसमको डोरी
२। प्रताप दाश चाहेको थिएँ
३। यस कुमार तिम्रो मन बदलीएछ ९रिमेक०
४। रमेश पाठक तिम्रो झल्को
५। ध्रुव विश्को जित्यो मायाले

**३१. आधुनिक गीत गायिका**
१। शोभा त्रीपाठी मलाई विश्वास गर
२। जुनु रिजाल न तिम्रो दोस
३। दुर्गा खरेल नथिया
४। सारिका घिमिरे प्यारी
५। स्मृति साही रेलको बाटो

**३२. आधुनिक गीत शब्द**
१। डा. सुदिप भट्टराई लण्डन पेरीस
२। रोहित घिमिरे भन्देउ हजुर
३। गीता अधिकारी स्वास फेरी
४। शिवराज पौडेल भाग्य मिलेन
५। भुवन पौडेल हाम्रो माया संसारमा नभाको

**३३। आधुनिक गीत सङ्गीत**
१। सी.एल. शर्मा भन्देउ हजुर
२। योगेश काजी शाह पानी खोलीको
३। मनोज चौलागाई मायाको दुनीया
४। निरप्रसाद गुरुङ यो जुनिमा
५। दीपक शर्मा चिना र जोखना

**३४. आधुनिक गीत मोडल पुरुष**
१। सुवास शर्मा मेरो माया मजाक
२। कुशल पोखरेल नजाउ टाढा
३। सनम कठायत हे धोके बाज
४। सुदिप श्रेष्ठ चरी
५। अभि सुनुवार म छु आज रोडमा

**३५. आधुनिक गीत मोडल महिला**
१। अनिता गीरी लगन जुऱ्यो
२। निरुता शाही माया छरेर यहाँ
३। रविना केसी बदलीयो मन
४। उषा उप्रेती प्यारी
५। उत्साह घिमिरे जसलाई मैले

**३६. आधुनिक गीत भिडियो निर्देशक**
१। सुवास प्रधान नजाउ टाढा
२। जनक सिंह हे धोकेवाज
३। उत्तम श्रेष्ठ शिशिर दुरी मजदुरी
४। राहुल बराइली मछु आज रोडमा
५। राज किङ वाइवा स् तिम्रो दिलमा

**३७. आधुनिक गीत भिडियो छायाँकार**
१। मुकेश हमागाई साच्चै राम्री रैछौ
२। उत्सव दाहाल हे धोकेवाज
३। नरेश एर म छु आज रोडमा
४। उत्तम हमागाई धुलो उडाउने हो
५। दीपक गिरी पल पल चोट

**३८. आधुनिक गीत भिडियो सम्पादक**
१। मिन रावल आखैमा गाजल
२। मिलन विक हेरेर तिमिलाई
३। विकाश दाहाल नबोली नबोली
४। विकाश ज्ञवाली नन्दनी
५। राज कुमार मगर डोली

**३९. आधुनिक गीत नव प्रतिभा**
१। सुनिता कुँवर चादनी अपुरो हुँन्छ
२। प्रतिमा विष्ट नजाउ टाढा
३। जेलसन अधिकारी भन्नुहुन्छ बाले
४। सफलता श्रेष्ठ म हुँ नेपाली
५। आर एन आवत सुन केशरी

**४०. लोकरपप गायक**
१। ओम सुनुवार कोलम्बसकी कान्छी
२। अनिल गुरुङ म हुँ साइको
३। मनिश श्रेष्ठ जाली रुमाल
४। संजिव सिंह राणा वान टु वान
५। प्रदिप कुमार ग्लान पहिलो भेट

**४१. लोक र पप गायिका**
१। शान्ति सिरिस मगर फूल जस्तै
२। प्रतिमा केसी भन्देउ हजुर
३। काव्य आचार्य ओइ माया
४। सुजता केसी कुरा सिधा छ
५। रचना रिमाल सुनन परी

**४२. लोक र पप मोडल**
१। अनुराग ठकुरी क्याअरम
२। कमल सिंह रुन्न भन्दानी
३। सागर लम्साल बले आएन चाइनाको रेल
४। पुष्प खड्का रुमालै बाटेर
५। आकाश श्रेष्ठ चिना र जोखाना

**४३. प्रत्यक्ष लोकदोहोरी पुरुष**
१। रविन लामिछाने
२। बालचन्द्र बराल
३। सुमन परियार
४। चिज गुरुङ
५। श्याम राना

**४४. प्रत्यक्ष दोहोरी महिला**
१। मैया थापा
२। पूर्णिमा पुन
३। सविता परियार
४। सुमन थापा
५। अमृता लामिछाने

# काठमाडौंमै नेक्सन ईभीले ३४७ किमी सम्म रेन्ज निकाल्न सफल

काठमाडौ । वातावरणको संरक्षण तथा देशको दिगो आर्थिक विकासको लागि विद्युतिय गाडीहरूको उपयोगमा प्रोत्साहन एवम् प्रवर्द्धन गर्ने लक्ष्य सहित नेपालको लागि टाटा मोटर्स् को एकमात्र अधिकृत विक्रेता सिप्रदी ट्रेडिङ प्रा. लि. र टाटा मोटर्स् को सह-आयोजनामा नेक्सन् इभी रेन्ज टेस्ट २०२२ प्रदर्शनात्मक कार्यक्रम काठमाडौँमा सफलता पूर्वक सम्पन्न भएको छ । नेक्सन इभी रेन्ज टेस्ट २०२२ नाम दिइएको यस अभियानमा टाटा नेक्सन इभी हुने ग्राहकहरुको उल्लेख्य एवम् उत्साहजनक सहभागिता रहेको थियो ।

नेक्सन ईभीको काठमाडौं सडकमै ३४७ किमी सम्मको रेन्ज निकाल्न सफल काठमाडौं निवासी सलिम श्रेष्ठ प्रथम हुनुभयो भने ३३२ किमि रेन्ज निकालेर भरत पुडासैनी र अनिश कावरा दोश्रो हुन सफल हुनुभयो । त्यसै गरी ३२१ किमि रेन्ज निकाल्न सफल तृप्ति सिंह तथा उदिप न्यौपाने तेस्रो स्थानमा रहनु भयो। कार्यक्रममा सहभागी मध्ये १४ जना ले ३०० किमि रेन्ज भन्दा बढी निकाल्न सक्नु भएको थियो ।







यसै कार्यक्रममार्फत उत्कृष्ट तरिकाले इभी चलाई अधिकतम रेन्जका आधारमा विद्युतिय इन्धन खपत गर्न सक्ने उत्कृष्ट सहभागीहरुलाई श्रेष्ठताको आधारमा वर्गीकरण गरी कम्पनीको तर्फबाट विभिन्न आकर्षक पुरस्कार एवम् प्रशंसा पत्र प्रदान गरिएको थियो । प्रथम स्थान प्राप्त गर्न सफल सलिम श्रेष्ठले सम्मान पदक र प्रमाण पत्रका साथ ४३ ईञ्चको सामसुंग स्मार्ट एलईडि टिभी जित्नु भएको छ । त्यसै गरी दोश्रो स्थानमा रहनु भएको भरत पुडासैनि र अनिश कावराले २८ लिटरको सामसुंग ओभेन जित्नु भएको छ ।

तेश्रो स्थानमा रहने तृप्ति सिंह तथा उदिप न्यौपानेले सामसुंग भ्याकुम क्लिनर जित्नु भएको छ ।

विद्युतिय गाडीहरूको उपयोगिता, प्रभाव कारिता एवम् आर्थिक पक्षमा पार्ने सकारात्मक प्रभावहरुका बारेमा जनचेतना फैलाउने र विद्युतिय गाडीहरू प्रति ग्राहकवर्गको दुबिधालाई हटाइ यसबाट मिल्ने सुविधाको बारेमा विश्वस्त बनाउने उद्देश्यले यस किसिमको कार्यक्रमको आयोजना गरिएको कम्पनीका प्रमुख कार्यकारी अधिकृत राजनबाबु श्रेष्ठले जानकारी गराउनु भयो ।

यहीपौष २ गते शनिबार, सिप्रदी ट्रेडिङ नैकापबाट समुद्घाटन गरिएको कार्यक्रम कलंकी, बल्खु, एकान्तकुना, जावलाखेल, पुल्चोक, पुतलीसडक, जमल, दर्बारमार्ग, लैनचौर, लाजिम्पाट, महाराजगन्ज, सुकेधारा, चावहिल हुँदै हायात रेजेन्सी होटलमा पुगेर समापन गरिएको थियो । उक्त कार्यक्रममा ३४ भन्दा बढी नेक्सन ईभीको सहभागिता रह्यो ।

इभीको उपयोग गरिदिनु हुने ग्राहक वर्गबाट मिलेको बहुपक्षिय अप्रत्यक्ष योगदानको कदर स्वरुप कार्यक्रम मार्फत उहाँहरुलाई सम्मान गर्न पाउँदा अत्यन्तै खुसी लागेको टाटा मोटर्स का ग्राहक सेवा तर्फ बाट रन्धिर कुमार चौधरी तथा सिप्रदीका ग्राहक सेवा प्रमुख कुमार भण्डारीले जानकारी गराउनु भयो । ईभी र ईभी चलाउंदा जान्नु पर्ने विभिन्न कुरा हरु छलफल संगै दक्षिण एशियाकै पहिलो नैकाप स्थीत ईभी लर्णिङ्ग सेन्टर को पनि भ्रमण गराउनु भयो । हाल नेपालमा पनि विद्युतिय गाडीहरूको माग र खपत दिनानुदिन बढ्दै गएको छ । नेपाली बजारमा टाटा नेक्सन इभी ग्राहकहरुले सबैभन्दा धेरै रुचाएको गाडी हो । नेपालमा यसको लोकप्रियता बढेसँगै कम्पनीले ग्राहकहरुको सुविधाको लागि अरु मोडलका एसयुभी तथा सेडान गाडीहरूलाई समेत इभीमा ल्याउने तयारी भइरहेको जानकारी समेत गराएको छ ।

# बजाज अटोले प्लाटीनाको एबीएस भर्सन सार्वजनिक

काठमाडौं । बजाज अटोले प्लाटीनाको एबीएस भर्सन सार्वजनिक गरेको छ । ११० सीसी कम्यूटर मोटरसाइकलमा एबीएस फिचर थप गरेर ल्याएको हो । कम्पनीले ७२ हजार २२४ भारतीय रुपैयाँ एक्स शोरुम मूल्य तोकेर प्लाटीना एबीएस सार्वजनिक गरेको हो । योसँगै



प्लाटीना सेग्मेन्टमै पहिलो एबीएस भएको मोटरसाइकल भएको हो । एबीएसका साथै प्लाटीना ११० मा अन्य फिचर थप गरेर ल्याएको छ । यसका कम्पनीले डिजिटल स्पीडोमिटर दिएको छ ।

सेग्मेन्टमै पहिलो गियर इन्डिकेटर भएको मोटरसाइकल प्लाटीना बनेको छ । बजाज प्लाटीन ११० मा ११५ सीसी सिंगल सिलिन्डर एयर कुल्ड इन्जिन रहेको छ । यो इन्जिनले ८.४४ बीएच पावर र ९.८१ एनएम टर्क जेनेरेट गर्छ । यसमा ४ स्पीडको गियरबक्स उपलब्ध छ । प्लाटीना मोटरसाइकलले हिरो स्प्लेन्डर प्लस, होन्डा सीडी ११० ड्रिम जस्ता मोटरसाइकलसँग प्रतिस्पर्धा गर्नेछ । बजाज प्लाटीना ११० भारतीय बजारमा सबैभन्दा धेरै विक्री हुने बजाजको मोटरसाइकलमा पर्छ ।

एबीएच फिचर थप भएर आए पश्चात् यसको विक्री अझै बढ्ने अनुमान गरिएको छ । यो मोटरसाइकलको फ्रन्टमा टेलिस्कोपिक सस्पेन्सन र रियरमा डबल स्प्रीङ निट्रोक्स सस्पेन्सन दिइएको छ । कम्पनीले यसमा हलोजिन हेडल्याम्पका साथमा एलइडी डिआरएल लाइट उपलब्ध छ । बजाजले प्लाटीनमा ११ लिटर क्षमताको इन्धन ट्याङक दिइएको छ । नेपाली बजारमा प्लाटीना मोटरसाइकल विक्री हुँदै आएको छ । हाल नेपालमा प्लाटीना १०० इस भेरियन्ट विक्री भइरहेको छ । केहि समय पश्चात नेपाली बजारमा प्लाटीना ११० नेपाल आउने सम्भावना रहेको छ । प्लाटीना १०० इसको मूल्य १ लाख ९४ हजार ९०० रुपैयाँ रहेको छ । एबीएस भएको प्लाटीना नेपाल आउँछ वा आउने छैन अहिल्यै एकिन गर्न सकिदैन ।

# माइक्रोबसको परिभाषा बदल्दै इलेक्ट्रीक भ्यान, खर्च कम कमाई धेरै

काठमाडौं । माइक्रोबस उपत्यकाका सडकमा गुड्न थालेको करिब २५ वर्ष भइसकेको छ । सुरु सरकारले विक्रम ट्याम्पो हटाएर जापानी र कोरियन माइक्रो चलाउन थालेसँगै नेपालमा माइक्रो बस चढ्ने कल्चर सुरु भएको हो । साँघुरा बाटा भएका र सहरी बाटोमा चलाउन ल्याइएका यस्ता माइक्रो बस विस्तारै लामो रुटमा समेत चल्न थाले । विशेषगरी टोयोटाले सुरुमा ल्याएको हायसको ठूलो मोडल जम्बो हायस ल्याएसँगै माइक्रो बसको लामो यात्रा सुरु भएको हो । दिगो ग्रुपले विगत २/३ वर्षदेखि चिनियाँ कम्पनी डिएफएसकेले उत्पादन गरेको डाँफे मोडल नेपाल ल्याएर विक्री गर्दै आएको छ । दिगो ग्रुपले हाइवेका विभिन्न स्थानमा चार्जिङ स्टेशन समेत निर्माण गरिरहेको छ । अहिले माइक्रो बस काठमाडौंबाट पूर्वका अधिकांश जिल्लादेखि पश्चिमका पनि धेरै जिल्लामा सिधा चल्दै आएका छन् । ११ देखि १९ जनासम्म बसेर यात्रा गर्न मिल्ने यस्ता माइक्रोबस यात्रुको पनि रोजाईमा पर्दै आएका छन् । चाँडै भरिने र छिटो यात्रा गराउने भएकै कारण माइक्रोबस यात्रुहरुको रोजाईमा पर्दै आएको व्यवसायीहरु बताउँछन् । अहिले टोयोटा, निसान, फोटोन, फोर्स जस्ता ब्राण्डले विक्री गर्दै आएको माइक्रोबसको मूल्य ५० लाखदेखि १ करोड रुपैयाँसम्म पर्न थालेका छन् । यत्रो लगानी गरेर माइक्रो चलाउँदै आएका व्यवसायीहरुलाई इलेक्ट्रीक माइक्रोबसले तान्न थालेको देखिन्छ । अहिले बजारमा दिगो ग्रुप र चौधरी ग्रुपले ११ सिट क्षमताको माइक्रोबस विक्री वितरण गर्दै आएका छन् । दिगो ग्रुपले विगत २/३ वर्षदेखि चिनियाँ कम्पनी डिएफएसकेले उत्पादन गरेको डाँफे मोडल नेपाल ल्याएर विक्री गर्दै आएको छ । दिगो ग्रुपले हाइवेका विभिन्न स्थानमा चार्जिङ स्टेशन समेत निर्माण गरिरहेको छ । चौधरी ग्रुप अन्तर्गत सिजी मोटरले नेपाल ल्याएको चांगन कम्पनीको केवाईसी भी-५ मोडल पनि ११ सिट क्षमताको इलेक्ट्रीक माइक्रोबस हो । कम्पनीले यसको १४ सिटर भेरियन्ट पनि नेपालमा विक्री गर्दै आएको छ । लगानी हिसावले ४२ देखि ४५ लाख भित्रै पर्ने यी दुबै माइक्रोबस प्रतिकिलोमिटर २ रुपैयाँभन्दा कम लागतको इन्धनले यात्रा गर्न सकिने भएको कारण लामो दुरीमा समेत चल्न थालेका हुन् । बजारमा यी दुबै माइक्रोबसको माग बढ्न थालेसँगै हामीले यी दुई मोडल बीच रहेको भिन्नता केलाउने प्रयास गरेका छौं ।

ब्याट्री क्षमता र रेन्ज

दिगो डाँफे मोडलमा सिएटीएलले उत्पादन गरेको ४२ किलोवाट आवरको लिथियम आयोन फस्फेट ब्याट्री दिइएको छ । यसलाई ४० किलोवाट आवरको फास्ट चार्जरले चार्ज गर्दा १ घन्टा ३० मिनेटमा ८० प्रतिशत चार्ज गर्न सकिने कम्पनीले दावी गरेको छ । एक पटकको फुल चार्जमा डाँफेलाई २५० किलोमिटरसम्म चलाउन सकिने कम्पनीले जनाएको छ । एनइडीसीले भने यसले सिंगल चार्जमा ३०० किलोमिटर रेन्ज दिने प्रमाणित गरेको छ । सिजी मोटर्सले नेपालमा विक्री गर्दै आएको चांगनको केवाईसी भी-५ मोडलमा पनि ४२ किलोवाट आवरकै सिएटीएल ब्याट्री दिइएको छ । यसलाई फुल चार्जमा ३०० किलोमिटरसम्म गुडाउन सकिने कम्पनीको दावी छ । यसले पनि फास्ट चार्जर सपोर्ट गर्नेछ ।

चालकलाई सहज

हाइवे होस् वा सहरी क्षेत्र अटोमेटीक गाडी चलाउन निकै सहज हुन्छ । इलेक्ट्रीक गाडीमा गियरबक्स नहुँने हुँदा यसलाई चलाउन निकै सहज हुन्छ । दिगो डाँफे रियर ह्वील ड्राइभ सिस्टम भएको माइक्रोबस हो । यसमा १८८ एमएमको ग्राउन्ड क्लियरेन्स पाउन सकिन्छ । चांगन केवाईसी भी-५ पनि ११ जनाले यात्रा गर्न मिल्ने अटोमेटीक माइक्रोबस हो । चलाउन निकै सहज यो माइक्रोबसमा १७५ एमएमको ग्राउन्ड क्लियरेन्स, १०० किलोमिटर प्रतिघन्टाको स्पीड पाउन सकिन्छ ।


## InË छनौट गरी गर्भपतन गर्नु अपराध हो ।

- InË पहिचानको आधारमा छोरा र छोरीमा विभेद गरी सन्तान जन्माउने कार्य नगरौं, नगराऔं ।
- प्रविधिको प्रयोग गरी InË पहिचान गर्ने र गर्भपतन गराउने कार्य अपराध हो । त्यस्ता कार्य गर्नु वा गराउनु हुँदैन ।
- चिकित्सकले समेत त्यस्ता कार्यलाई निरुत्साहित गरी चिकित्सा पेसालाई मर्यादित बनाऔं ।
- विभेदरहित समाजको निर्माण गरौं

नेपाल सरकार

विज्ञापन बोर्ड


जनआकाश मिडिया प्रा.लि.का लागि: प्रकाशक: द्रोणबहादुर बस्नेत, प्रधानसम्पादक : मोहन कार्की, सम्पादक : ईन्दिरा घमला, ९८६१५८८४५६,९८६१५२८१०८ ,कम्प्युटर: जनआकाश डेस्कटप
प्रधान कार्यालय, बागबजार, काठमाडौं, ०१-४१६७५७८, पोष्ट बक्स नं. १६५६, E-mail: jana.news2065@gmail.com, मुद्रण: सुप्रिम प्रिन्टिङ्ग प्रेस